# अभियान साप्ताहिक
ABHIYAN WEEKLY
Devendrachudal@gmail.com

वर्ष : ४२ / अंक : २ / २०८१ साउन १८ गते शुक्रबार / नेपाल सम्वत ११४४ / Aug. 2, 2024 / मूल्य रु. १०/-

हामीलाई www.abhiyanweekly.com.np मा पनि पढ्न सकिन्छ ।


## लोकतान्त्रिक व्यवस्थाकै खिल्ली उडाइयो

काठमाडौ । गत असार १७ गते कांग्रेस र एमालेबीचमा भएको ७ बुँदे सहमति अनुसार नेकपा एमालेका अध्यक्ष केपी ओली चौथो पटक प्रधानमन्त्री बनेका छन् । प्रधानमन्त्री ओलीलाई कांग्रेस र एमालेका गरि दुई पार्टीको मात्र संसदमा १ सय ६६ सांसदको समर्थन रहेकोमा ओलीले श्रावण ६ गते संसदबाट विश्वासको मत लिँदा १ सय ८८ सांसदको मत पाएका थिए । यो १ सय ८८ मत भनेको दुई तिहाई भन्दा बढी मत हो ।

ओली अघिका तत्कालिन प्रधानमन्त्री पुष्पकमल दाहालले सत्ता बचाई राख्न संसदमा रहेका स साना दलको समेत समर्थन लिनुपर्ने बाध्यता रहेको थियो । तर, अहिले प्रधानमन्त्री ओलीलाई त्यस्तो बाध्यता नरहेको भएपनि सत्ता गठबन्धनमा रहेको नेपाली कांग्रेसको विश्वास जितिरहनु पर्ने बाध्यता रहेको छ । संसदमा पहिलो र दोस्रो ठुलो दल मिलेर सरकार सञ्चालन गरिएको

>>> बाँकी ८ पेजमा

## विधिको शासन र सुशासनको धज्जी उडाइयो

### बादशाह कुर्मी, रोज राणालगायतका अपराधिहरुबाट जनता शासित

काठमाडौ । गत असार १७ गते कांग्रेस र नेकपा एमालेबीचमा भएको ७ बुँदे सहमति अनुसार नेकपा एमालेका अध्यक्ष केपी ओलीको नेतृत्वमा संयुक्त सरकार गठन भएको छ । केन्द्रमा कांग्रेस-एमाले सहितको संयुक्त सरकार गठन भएपश्चात् मधेश प्रदेश र सुदुरपश्चिमबाहेक अन्य पाँच प्रदेशमा कांग्रेस-एमालेको संयुक्त सरकार गठन भएका छन् । यी पाँच प्रदेशमा कांग्रेसका तर्फबाट मन्त्री बनाइएका व्यक्तिहरूका बारेमा विभिन्न प्रश्न उठेका छन् ।

कांग्रेस-एमालेबीचमा भएको ७ बुँदे सहमतिमा विधिको शासन र सुशासन कायम गरिने उल्लेख गरिएको भएपनि प्रदेश सरकार गठन गर्दा कांग्रेसका तर्फबाट मन्त्री बनाइएका केही व्यक्तिहरूका कारण कांग्रेस-एमालेबीचमा भएको सहमति उल्लंघन मात्र गरिएको छैन विधिको शासन र सुशासनलाई नै ध्वज्जी उडाइएको छ । विभिन्न अपराधिक कार्यमा सरिक भएको व्यक्तिहरू मन्त्री बनाइएको हुनाले विधिको शासन र सुशासनमा धक्का पुगेको छ ।

नेपालगञ्जकी निर्मला कुर्मीको २०७६ चैत्र १४ गते शंकास्पद निधन भएको र निजको सम्पत्ति हिनामिना भएको थाहा भएपछि २०७७ चैत्र २० गते महिला मञ्च बाँकेकी केन्द्रीय सदस्य मनकुमारी गुप्ताले



हाल लुम्बिनी प्रदेशका मन्त्री बादशाह लगायतका व्यक्तिहरूका विरूद्ध किटानी जाहेरी दिएकी थिइन् । जाहेरी पछि जिल्ला प्रहरी कार्यालय बाँके र प्रहरीको केन्द्रीय अनुसन्धान व्यूरो (सिआइबी)को छुट्टाछुट्टै संयन्त्रले अनुसन्धान गरेको थियो । त्यसलगत्तै ०७९ फागुन ३ मा प्रहरी प्रधान कार्यालयले एसएसपी दिनेश आचार्यको नेतृत्वमा एसपी नवराज अधिकारी, डिएसपीद्वय विष्णु प्रसाद सोती र मदनजित महरा तथा इन्स्पेक्टर रामकृष्ण पाठक सम्मिलित ५ सदस्यीय अनुसन्धान टोली गठन गरेको थियो ।

सो प्रहरीको अनुसन्धान टोलीले बादशाहलाई ५ वटा कसुरमा मुद्दा चलाउनु पर्ने निष्कर्ष निकालेर मुद्दा चलाउनुपर्ने प्रतिवेदनमा किटानी गरेको थियो । सो अनुसन्धान समितिले बादशाह सहितका आरोपित विरूद्ध ठगी, अपराधिक विश्वासघात, अपराधिक लाभ, किर्ते, सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा मुद्दा चलाउनुपर्ने राय किटानी गरी प्रतिवेदन दिएको थियो । डेढ वर्ष अघि नै यस्तो प्रतिवेदन दिएको भएपनि कारबाहीको दायरामा नआउँदै बादशाहलाई लुम्बिनी प्रदेशमा कांग्रेसले मन्त्री बनाएको छ ।

लुम्बिनी प्रदेशमै अर्को विवादास्पद

>>> बाँकी ८ पेजमा

## मन्त्री बनाउँदा जनताको आशा खण्डित

काठमाडौ । गत असार १७ गते कांग्रेस र एमालेबीचमा ७ बुँदे सहमति हुँदा मुलुकमा सुशासन कायम गर्ने सहमति भएको थियो । तर पछिल्लो पटक संघीय सरकार र प्रदेश सरकार गठन गर्दा सुशासनको नारालाई ध्वज्जी उडाइएको छ । विभिन्न प्रदेशहरूमा सरकार गठन गर्दा खासगरी नेपाली कांग्रेसले विभिन्न जघन्य अपराधमा संलग्न भएका व्यक्तिहरूलाई मन्त्री बनाएको हुनाले जनतामा निराशा छाएको छ भने कांग्रेसकै नेता तथा कार्यकर्ताहरू समेत रूष्ट देखिएका छन् ।

लामो समयसम्म राजनीतिमा संलग्न भएका व्यक्तिहरूलाई पन्छाएर अपराधिक कार्यमा संलग्न भएका र राजनीतिको छाता ओडेर कानुनी कारबाहीबाट बच्नको लागि राजनीतिमा आएका व्यक्तिहरूलाई छोटो समयमै मन्त्री बनाएका हुनाले

>>> बाँकी ८ पेजमा

## लोकतन्त्रमा अपराधी नै मन्त्री

काठमाडौ । पछिल्लो समयमा राजनीतिक दलहरू विकृत्तिका अखडा जस्तै बनेका छन् । राजनीतिक दलहरूले जनताको विश्वास जित्न सक्ने व्यक्तिलाई मन्त्री बनाएका छैनन् । विगतको पुष्पकमल दाहाल नेतृत्वको सरकारलाई सरकार जोगाउनुपर्ने बाध्यताले गर्दा बद् नाम भएका व्यक्तिहरूलाई समेत मन्त्री बनाउन बाध्यता थियो । तर, गत असार १७ गते नेपाली कांग्रेस र नेकपा एमालेबीचमा ७ बुँदे सहमति भएपश्चात् केपी ओली नेतृत्वको सरकारलाई संसदमा कांग्रेस-एमालेकै गरी १ सय ६६ सांसदको समर्थन रहेको छ । सरकारलाई टिकाई राख्न १ सय ३८ सांसदको बहुमतको आवश्यकता पर्दछ ।

संघीय सरकारमा खासै समस्या नभएपनि प्रदेश सरकारहरू निर्माण गर्दा खास गरेर नेपाली कांग्रेसले विभिन्न अपराधमा संलग्न भएका व्यक्तिहरूलाई प्रदेश

>>> बाँकी ८ पेजमा

## गलत निर्णयको विरोध नहुनु अवसरवादी र दास प्रवृत्ति

काठमाडौ । राजनीतिक दलहरूले आ आफ्नो दलबाट मन्त्री बनाउँदा निश्चित मापदण्ड बनाएर मात्र मन्त्री नियुक्त गर्नुपर्ने टड्कारो आवश्यकता देखिएको छ । राजनीतिक दलहरूले निर्वाचनको बेलामै कुनै अपराधमा संलग्न नभएका व्यक्तिहरूलाई मात्र टिकट दिने व्यवस्था गरेमा अपराधमा संलग्न भएका र हुने व्यक्तिहरू स्वत पाखा लाग्ने निश्चित रहेको छ । अपराधमा संलग्न भएका व्यक्तिले विभिन्न हथकण्डा अपनाएर निर्वाचन जित्ने र मन्त्रीसम्म बन्न सक्ने अवस्था रहेकाले त्यसलाई राजनीतिक दलहरूले नै नियन्त्रण गर्न आवश्यक रहेको छ ।

राजनीति भनेको विशुद्ध सेवा हो । जनताको सेवा गर्ने भनेर राजनीतिमा लागेका व्यक्तिहरू नै विभिन्न अपराधमा संलग्न भएको खण्डमा समाजमा त्यसको उल्टो असर पर्ने र अपराधमा संलग्न हुनेहरूको संख्या बढ्न सक्ने सम्भावना बढी हुन्छ । अपराधिक कार्यमा लागेका व्यक्तिहरू सांसद हुँदै मन्त्री समेत बन्ने भएकाले अन्य व्यक्तिहरू समेत सांसद मन्त्री बन्न अपराधिक कार्यमा लाग्न सक्ने सम्भावना बढी हुन्छ । पछिल्लो समयमा कांग्रेस र एमालेको संयुक्त सरकारले भ्रष्टाचार र अनियमितताको काण्डका बारेमा कारबाही अघि बढाएर जनताको विश्वास जित्न सक्नुपर्नेमा अपराधिक कार्यमा संलग्न भएका व्यक्तिहरूलाई

>>> बाँकी ८ पेजमा

## आपराधिक पृष्ठभूमिका व्यक्तिलाई कांग्रेस कै संरक्षण

काठमाडौ । नेपालीमा एउटा उखान प्रख्यात रहेको छ 'जुन जोगी आएपनि कानै चिरेको' भन्ने अहिले राजनीतिक दलहरूले त्यही उखानलाई चरितार्थ गरेका छन् । जनतालाई धम्क्याएर र आर्थिक प्रलोभनमा पारेर निर्वाचनमा जित हाँसिल गरेका केही गुण्डाहरूलाई कांग्रेस-एमालेको गठबन्धनले मन्त्री बनाएका छन् ।

कांग्रेस-एमालेले विगतको पुष्पकमल दाहाल नेतृत्वको सरकारले जनतामा आशा जगाउन नसकेको भन्दै संसदमा दुई ठुला दल मिलेर सरकार निर्माण गरेका थिए । कांग्रेस-एमालेको



गठबन्धनको सरकारबाट जनताले केही आशा गरेको भएपनि प्रदेश मन्त्रिपरिषद्को गठनले गर्दा जनतामा आशा जाग्न सकेन ।

खासगरी प्रदेश सरकारहरूमा विभिन्न समयमा बद्नाम कमाएका व्यक्तिहरूलाई मन्त्री बनाइएको छ । मनाङबाट निर्वाचन जितेका दीपक मनाङे भनिने राजिव गुरूङमात्र होइन, लुम्बिनी प्रदेशमा बादशाह कुर्मी र रोज राणा भनिने सरोज थापा र बागमति प्रदेशमा मीनकृष्ण महर्जनलाई मन्त्री बनाइएको छ । हत्या, अपहरण, फिरौती, ज्यानमार्ने उद्योग

>>> बाँकी ८ पेजमा

## संवैधानिक परिषद्माथि नै प्रश्न

काठमाडौ । तत्कालिन प्रधानमन्त्री पुष्पकमल दाहालले बोलाएको सम्वैधानिक परिषद्को वैठकले निर्वाचन आयोगको आयुक्तमा कृष्णमान प्रधानलाई नियुक्त गर्ने निर्णय गरेको थियो । सम्वैधानिक परिषद्मा प्रधानमन्त्री अध्यक्ष रहने सम्वैधानिक व्यवस्था रहेको र सदस्यहरूमा प्रतिनिधिसभाका सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, प्रधानन्यायाधिश, प्रमुख विपक्षी दलका नेता तथा प्रतिनिधिसभाका उपसभामुख सदस्य रहने व्यवस्था रहेको छ ।

प्रधानन्यायाधिश बाहेक सबै राजनीतिक व्यक्तिहरू नै रहने सम्वैधानिक परिषद्माथि अहिले प्रश्न उठेको छ । सम्वैधानिक परिषदले केका आधारमा गलत व्यक्तिलाई सिफारिस



गऱ्यो ? नेताहरूको बाहुल्य रहने सम्वैधानिक परिषद्ले सिफारिस गर्ने अनि कार्यकर्ता सांसद रहेको समितिले संसदीय सुनुवाई समितिबाट सुनुवाईको कर्मकाण्डी पूरा गरेर अनुमोदन गर्ने परम्परा थालेको थियो ।

अहिलेसम्म २०७५ मा सर्बोच्च अदालतका प्रधानन्यायाधिशका लागि सिफारिस भएका न्यायाधिश दीपकराज जोशी बाहेक अन्य सबैलाई अनुमोदन गर्दै आएको छ । सम्वैधानिक परिषद्ले सिफारिस गरेका व्यक्तिहरूको ४५ दिन भित्रमा संसदीय सुनुवाई हुन नसकेको खण्डमा स्वत अनुमोदन हुने व्यवस्था गरिएकाले केही सम्वैधानिक निकायहरूमा संसदीय सुनुवाई नभईकनै नियुक्त भएका छन् ।

कृष्णमान प्रधानको संसदीय सुनुवाई समितिले अनुमोदन गर्ने प्रक्रियामा उनी विरूद्ध उजुरी मागेको थियो । कृष्णमान प्रधानसँगै काम गर्ने एक महिलाले प्रधानले आफूलाई पटक पटक यौन हिंसा गरेको उजुरी दिएका थिइन् । आफूलाई यौन शोषण गरेको आरोप प्रधानमाथि लगाएकी महिलाले आफूलाई डर, धाकधम्की दिएर मिलापत्र गराएको उजुरी दिएकी थिइन् ।

>>> बाँकी ८ पेजमा

## दाहाल सरकारले गरेको गल्ती ओली सरकारले सच्यायो

काठमाडौं । राष्ट्रिय परिचयपत्रका लागि तस्बिर खिच्दा सिन्दूर र टीका समेत लगाउन नपाउने नियम हटेको छ । अब आफ्नो संस्कृति र जातीय पहिचान जनाउने पोशाक र पहिरन लगाउन मिल्ने राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले जनाएको छ ।

यसअघि सिन्दूर, टिका हटाएर फोटो खिच्न लगाइन्थ्यो । तर जनस्तरबाट आलोचना भएपछि विभागले यस्तो निर्णय गरेको हो ।

गृहमन्त्रालय अन्तरगत रहेको विभागले एक परिपत्र जारी गर्दै फोटो खिच्दा स्पष्ट मुखाकृति र दुवै कान देखिने गरी फोटो खिच्नुपर्ने । फोटो खिच्दा सिन्दूर, टीका, राष्ट्रियता झल्कने टोली, धार्मिक, सांस्कृति तथा जातीय पहिचान जनाउने पहिरन लगाउन बाधा नपर्ने जनाएको हो ।

# GURUS:THE KASHMIR DRINK

**Rinku Rana**

A by-product in traditional butter making, buttermilk has beenthe most consumed drink in Kashmir for centuries. Withmachines taking over the skimming and the marketing chainsrenamed and rebranding the product, Gurus (Lassi) may notbe as abundant as it once was, writes MJ AslamLong before the making of Gurus (buttermilk) and Th'ain(butter) was found in created cultured cream or milk, therewere traditional methods of preparing the same from unrefrigeratedfermented milk. All societies in the East and West haveused the traditional ways of making these delicacies forcenturies.

Gurus was so vital to the Kashmir food that a lot of sayingmentioned the buttermilk. One such saying suggeststhat Gurus (also called Lassi) should be given to a friend inautumn, while to an enemy in spring. The folklore believes thatautumn Gurus is healthy unlike that of spring. Its nutritiousvalue is linked to the quality of grass grazed by cows and goatsin spring and autumn.

However, the fact is the Gurus was prepared in hot summerstoo when the milk, in absence of modern refrigerators,fermented automatically in earthen and copper pots. It wascalled Ban e Doud.

Then, Kashmir was rich in milk and milk products. Thecowherds possessed a large stock of cows and goats. TheGujars in higher altitudes possessed buffalo too. Theyprepared Gurus. In the city, guoir families associated withdair y items of milk, curd, cheese and butter, tooprepared Gurus for sale to the common people. Some villagefamilies who skimmed milk and made Gurus at their homeswould often come to sell Gurus in the city.

THE PROCESS

Traditionally, Gurus means the milk that was left over afterchurning butter from unrefrigerated sour and fermented milk.Once the milk is ready for the process, it would take 30minutes to 60 minutes till butter was churned from the milk in abig vessel like tchod. Ordinarily, Gurus is buttermilk. Gurus is sour in taste. It isstill popular and sold with added spices, mint, salt and sugaracross most of the subcontinent as a refreshing fermenteddairy drink. Its equivalent in the households of the Indiansubcontinent is Chaash, which is prepared by beating curdwith a churner or leftover of butter (Gurus) and taken withspices, a pinch of salt and mint. In Arabian countries, buttermilkwith added ingredients of spices and salt is a favourite drink during the Muslim month of fasting ,the Ramzan at Iftiari and Sehri times.

However, like many age-old valued traditions, the churning ofbutter from milk has disappeared from Kashmir. Well, GurusMandun was an age-old tradition among Kashmiris and it wasan elaborate process. The tools that were used for the processincluded an earthen vessel like tchod in which milk waspoured. The milk was churned to Gurus and Th'ain in thevessel.



It is a long wooden churner, De'on that is fundamentalto the process. Gurus e De'on is a fine paddle chiselled out ofa wooden log that has blunt wooden blades or wicker ringsattached at one end – the one that stays in the milk vessel. Itsother end is tied to a wall or a thum, a pillar in the kitchen, andin between is the Lam e Raz or Mandan Raz, a pull-push ropethat the Gurus maker pulls for making the blade move. Thegrass or jute rope has attached two handles tied of woodor Pach-i-Adiji (bones of sheep or goat legs) for the right andleft hand that is either made of grass or jute.

The vessel was fastened to thum with another rope for preventing it from slipping away during the

process. De'on was held tightly with grip of hands by thethe Lam e Raz in his hands till layers of

butter appeared, gathered and thickened atthe surface.

The finest quality of milk gave a yellowishtinge to the butter with the pungent taste ofthe buttermilk. Then, the churner wouldremove the paddle and scoop out all butterleaving behind Gurus in the vessel. Thehandmade butter, Th'ain, was whatKashmiris knew in the past.

A ROUTINE

Unlike Srinagar where the Gurus wasskimmed by the professional Gurus-Gour families, in the periphery, almost everyhousehold had the equipment and enoughmilk to make Gurus. Apart from spinningwheel, almost every woman in Kashmirperiphery would pick the art from the elders.A traditional drink, Gurus is seen as a traditional coolant. Familiesmaking Gurus used to gift part of it to the

neighbors. Till recently,even Kashmiri Hakims wouldadvise Gurus intake to the patients. Incertain cases, it was customary to dip somesilver ornament in the Gurus before drinkingit. The tradition goes that Gurus being sourin taste is helping digestion.

With Gurus consumed, the focus wouldremain on homemade butter. It was gatheredin a separate bowl and compounded into soft Th'ainballs (manun ) with aspoon. Th'ain was sold in the market inweighed quantities to the buyers. Besideslocal mustard oil, the Kashmiri womenfolk inthe past used the traditional Th'ain foranointing their hair to strengthen and shinethe hair strands. Folklore suggests usingbutter to keep the women's head cool.

The Gurus may be out of fashion but itsmaking has not ceased in Kashmir. Herderswho take their sheep and cows to uplandmeadows are unable to take the milk down. They convert itinto butter as they consume Gurus while grazing their herds.

# आईआईओजेकेमा भारतको निर्णय आधारभूत मानव अधिकार दबाउन युएनएससी प्रस्ताव

**धनबहादुर श्रेष्ठ**

दक्षिण सुडान र पूर्वी टिमोरका जनता जस्तै तेस्रो उत्पीडित कश्मीरी पुस्ताले आफ्नो आत्मनिर्णयको आधारभूत अधिकार प्राप्त गर्न युएनएससी प्रस्तावहरूको कार्यान्वयनको लागि पर्खिरहेका छन् । तर आईआईओजेके को भाग्यमा भारतको एकपक्षीय निर्णयहरूले काश्मिरी जनताको आधारभूत मानवअधिकारलाई स्पष्ट रूपमा दबाइराखेको छ र न्यायको अन्तर्राष्ट्रिय कानूनको उल्लङ्घन गरिरहेको छ – संयुक्त राष्ट्र संघको प्रस्ताव र क्षेत्रको विवादित स्थितिको बारेमा कम चासो देखाउँदै छ ।

भारतले अगस्ट ५, २०१९ मा यस क्षेत्रमा जनसांख्यिकीय परिवर्तन ल्याउनको लागि आईआईओजेकेको विशेष दर्जा खारेज गर्ने गैरकानूनी निर्णय लिएको छ – गैर–कश्मीरीहरूलाई बसोबास दिएर कश्मीरीहरूलाई अल्पसंख्यकमा परिणत गर्न जुन धारा ४९ को सरासर उल्लङ्घन हो । चौथो जेनेभा महासन्धि ।

भारतले कश्मीरी जनताबाट आत्मनिर्णयको आधारभूत अधिकार खोस्न सम्भव छैन । यो अधिकारलाई संयुक्त राष्ट्र संघ र भारतका प्रथम प्रधानमन्त्री जवाहरलाल नेहरू द्वारा मान्यता दिइसकेको छ जसले कश्मीरका जनतालाई पटक पटक जनमतसंग्रहको वाचा गरिसकेका छन्, जुन कहिल्यै आयोजित हुन सकेन ।

तर दुःखको कुरा, भारतको सर्वोच्च अदालतले अगस्ट ५, २०१९ मा आईआईओजेके मा गैरकानूनी कदमको बिरूद्ध मुद्दा दर्ता गरेको सरकारको अवैध निर्णयमा पहिलो चार वर्षमा कुनै कारबाही भएन । जानाजानी, अवधिले पर्याप्त समय दिएको छ । सरकारले कश्मीरी जनताको आवाजलाई भारतीय राज्य सुरक्षा संयन्त्रका सबै सम्भावित माध्यमबाट दबाउन ।

तर गत वर्ष, अझ अचम्मको कुरा, भारतीय एससी ले आईआईओजेके को विवादित क्षेत्रमा भारतको गैरकानूनी र एकपक्षीय कदमलाई समर्थन गरेको छ । आईआईओजेकेमा भर्खरैको भारतीय एससीको फैसला १९४७ मा कश्मीरी राजाले भारतमा सामेल हुने निर्णय गरेको अनुमानमा आधारित छ । तर सर्वोच्चले संयुक्त राष्ट्र संघको प्रस्ताव र कश्मीरका जनतालाई जनमत संग्रहको भारतीय नेतृत्वले गरेका वाचाहरूलाई बेवास्ता गरेको छ ।



भारतले संयुक्त राष्ट्र संघको प्रस्ताव र अन्तर्राष्ट्रिय कानुनलाई बाइपास गर्न सक्दैन । त्यसैगरी, विवादित क्षेत्र कश्मीरमा अवैधानिक निर्णयलाई बलपूर्वक थोपाउन मिल्दैन । यो युएनएससी १९५७ प्रस्ताव को धारा १२२ बाट स्पष्ट छ कि आईआईओजेकेको अन्तिम गन्तव्य कश्मीर को आदिवासी जनता को हात मा छ – उनीहरूको आकांक्षा अनुसार जनमत संग्रहको आधारमा ।

प्रख्यात वकिल कपिल सिब्बलले भारतीय सर्वोच्च अदालतमा विवादित क्षेत्रको बहसको क्रममा ऐतिहासिक र भौगोलिक रूपमा कश्मीरको वर्तमान भारतसँग कुनै सम्बन्ध नभएको तथ्यलाई स्वीकार गरेका छन् । उनले उपमहाद्वीपको विभाजनका बेला र्याडक्लिफले कपटपूर्ण ढंगले कश्मीरको बाटो प्रशस्त गरेको तर्क गरे । उनले त्यसबेला पाकिस्तान जुनागढमा जनमत संग्रहमा सहमत भएको र कश्मीरमा पनि त्यस्तै हुने विश्वास गरेको बताए ।

भारतीय सर्वोच्च अदालतमा तथाकथित मुद्दाको निवेदनले कश्मीरी जनताको मजाक बनाएको छ किनकि यसले मोहम्मद अकबर लोनलाई आफू भारतको संविधानप्रति वफादार रहने कुरा सर्वोच्चमा शपथपत्र पेश गर्न भनेको छ । लोकसभा के सदस्य । भारतीय एससी को फैसला भारतीय संविधानको पूर्ण विपरित छ किनकि यसको धारा ५१ ले भारतलाई अन्तर्राष्ट्रिय कानूनको पालना गर्न बाध्य पारेको छ । यद्यपि, आईआईओजेकेको सम्बन्धमा २०१९ को निर्णय अन्तर्राष्ट्रिय कानून विरूद्ध छ ।


त्यसैगरी संविधानको धारा ३ बमोजिम सभाको सहमतिविना कुनै पनि प्रदेशको भौगोलिक सीमामा परिवर्तन हुन नसक्ने उल्लेख छ । तर, विवादित राज्य आईआईओजेके लाई राज्यको विधानसभालाई विश्वासमा नलिई दुई भागमा विभाजन गरिएको छ भने लद्दाखलाई छुट्टै क्षेत्र बनाइएको छ । भारतीय सर्वोच्च अदालतले यो सम्पूर्ण अवैध प्रक्रियालाई अनुमोदन गरेको छ ।

त्यसैगरी धारा ३७० बमोजिम प्रदेशको विशेष हैसियत खारेज गर्न प्रदेश सभाको सहमति आवश्यक थियो । तर राज्य गभर्नर राजको अधीनमा रहेको भन्दै भारतीय संसदलाई प्रदेश सभाको बराबरको हैसियत दिएको भन्दै लङ्गडा बहाना र आधारहीन तर्क गरियो ।

तसर्थ, पाकिस्तान सरकारले आईआईओजेके सम्बन्धमा भारतीय एससी को गैरकानूनी निर्णयलाई अस्वीकार गरेको छ र विवादित क्षेत्रको मुद्दालाई युएनएससी प्रस्तावको प्रकाशमा र कश्मीरका जनताको आकांक्षा अनुसार समाधान गर्न खोजेको छ । विदेश कार्यालयले डिसेम्बर ११, २०२३ मा आफ्नो बयानमा पाकिस्तानले विवादित क्षेत्रमा भारतीय संविधानको सर्वोच्चता स्वीकार गर्दैन भन्यो । भारतीय सर्वोच्च अदालतको फैसलाले कश्मीरका जनताको आकांक्षालाई कमजोर बनाएको छ र यसले जनमत संग्रहलाई प्रतिस्थापन गर्न सक्दैन ।

अब कश्मीरी जनताको आत्मनिर्णयको अधिकारलाई दबाउनका लागि संसद, न्यायपालिका र सेनालगायत भारतीय राज्यका निकायहरूबाट सबै सम्भव प्रयासहरू भइरहेका छन् । तसर्थ, भारतीयहरूले जनताको भावनालाई वशमा पार्नको लागि आतंक र बलको आक्रमण जारी राखेका छन् । तर जारी भारतीय राज्य आतंकवादको बाबजुद, कश्मीरका जनताको स्वतन्त्र दिमाग र हृदयले भारतलाई विचलित गरिरह्यो ।

# नेतृत्वमा बुद्धत्व छैनन्, जो मानवतावादी बनुन्



• राजन कार्की
rajan2012karki@yahoo.com

अंगुलीमालभित्र विवेक र मानवता थियो, जसलाई बुद्धले ब्यूँताइदिए । त्यसपछि अंगुलीमाल शान्ति र मानवताका लागि जीवन समर्पण गरे । नेपालमा बुद्ध जन्मे तर अंगुलीमाल छैनन् । यसकारण बुद्धको महत्व नेतृत्वका लागि भाषणमा सिमित हुनपुग्यो । यदि बुद्धको मात्र प्रचार र बुद्धको मार्गमा हिडेको सन्देश विश्वलाई दिन सकेको भए, नेपाल स्वर्गभन्दा सुन्दर हुनेथियो ।

सगरमाथा यही देशमा छ, प्राकृतिक सौन्दर्य यही देशमा छ । बुद्ध यस्तो देशमा थिए । सगरमाथाको हुनुपर्नेजति उपयोग हुनसकेन । प्राकृति सौन्दर्य विधि व्यवहारले कुरूप बनाइएको छ । बुद्धको नाममा बोधिबृक्षसमेत काटेर पिर्का बनाउँदै डलरमा बेच्ने बौधमार्गी व्यक्ति र संस्था कति छन् कति ।

शासनको मूल आधार राजनीति हो । राजनीतिमा अपराधिकरण गरेर लुम्बिनीको नेतृत्वसमेत अपराधमा प्रमाणित भएका व्यक्तिलाई दिइएको छ । यस्तो देशमा अंगुलीमाल छन् भनेर मान्न सकिन्न ।

जतिसुकै विवेक र मानवताको कुरा गरे पनि राजनीतिक नेतृत्व आपराधिक प्रवृत्तिले दुषित भएकाले प्रशासनमा पनि त्यही रङ् सरेको छ । यसकारण नेपालको शासन प्रशासन जंगलीराजभन्दा डरलाग्दो बन्दै गएको छ ।

लोकतन्त्र छ, लोकको जीवन लोकतन्त्रमय छैन । संविधान छ, संसद, सरकार, पार्टी कोही पनि विधिअनुसार चल्दैनन् । लोकतान्त्रिक पद्धति र संविधान दुबै असफल सिद्ध भइसकेका छन् ।

अब देश चौबाटोमा पुगेको छ । जनता विद्रोह गर्ने मूडमा छन् । पार्टीहरू जनताको बल लाई खण्डित गरेर बिभाजित गर र राज गरको नीति अख्तियार गरेर लोकतन्त्रको डम्फु बजाइरहेका छन् ।

जो आफैं अलोकतान्त्रिक छन्, तिनले चलाएको लोकतन्त्रको गाईजात्रा हरेक दिन हेर्दा हेर्दा जनता वाक्क भइसके । शेक्सपियरको नाटकमा म्यागबेथ भन्ने पात्र छ, उसले आफ्नै राजालाई छुरा धसेर स्वार्थ पुरा गर्ने बहादुरी देखाउँछ । त्यो बहादुरी थियो कि कायरता ? हाम्रा नेताहरू यस्तै महत्वाकांक्षी परिवादमा छ । यही परिवारवादले भ्रष्टाचार र नीतिहिनता बढाइरहेको छ ।

जनताले लोकनेतामाथि गर्नुसम्मको विश्वास गरे, कोब्रा बनेर लोकनेताले लोकको हक, हितमाथि डसी रहे । जसरी म्यागबेथले विश्वासमा परेका आफ्नै राजालाई छुरा धसे । यी नेताहरूले जनतामाथिको यो घात, यो अपमान लोकतन्त्रका लागि दुर्भाग्यजनक रहेको छ ।

म्यागबेथ अर्थात् शेक्सपियरको कथा अनुसार किङ् डंकनः चक्रवर्ती राजा थिए । उनका जर्नेल थिए म्यागबेथ । नजिकका नातेदार र विश्वासपात्र पनि थिए । युद्ध जितेर फर्कने क्रममा किङ् डंकनले भने- म्यागबेथ आज म तिमीसँगै बस्छु, खान्छु र तिम्रै घरमा सुत्छु । सुस्ताउँछु । राजाका जर्नेल म्यागबेथ खुशी भए, किङ् डंकनलाई घरमा लगे । लेडी म्यागबेथले स्वागत र सत्कार गरेर कडा खालको लागुपदार्थसहित भोजन गराइन् । युद्धबाट थाकेर आएका र विश्वासमा परेका किङ् लड्डिएर सुते, मस्त निदाए । त्यसपछि लेडी म्यागबेथले जर्नेल म्यागबेथलाई छुरा दिइन् र किङ्लाई छुरा धस्न उक्साइन् । म्यागबेथले छुरा हातमा लिएर किङ् डंकनको छातीसम्म पुऱ्याएपछि उनको हात काँप्न थाल्यो र उसले हात फिक्यो ।

श्रीमती म्यागबेथले आँखा तर्दै छुरा धुस्न इसारा गरिन् । म्यागबेथले फेरि छुरा समातेको हात मस्तसँग सुतिरहेका किङ् डंकनको घाँटीसम्मसम्म पुऱ्यायो, किङ्को मुहार देखेपछि उसले छुरा धस्ने साहस गर्न सकेन, उसको मन काँप्यो र फेरि पनि म्यागबेथ छुरा धस्न असफल भए, साहस गर्न सकेनन् ।

रिसले कन्पारो तताउँदै लेडी म्यागबेथ कराइन्- कायर । तिमी कसरी सिपही हौ र ? यति राम्रो मौकाको उपयोग पनि गर्न सकेनौ । यसरी रिसाउँदै लेडी म्यागबेथले एउटा कपडाले बेहोसजस्तै भएर सुतेका किङ् डंकनको मुख छोपिदिइन् र राता राता गोलभेडाजस्ता आँखा पारेर म्यागबेथतिर हेरिन् र छुरा धस्न इसारा गरिन्, उक्साउनु उक्साइन् । किङ्को अनुहार नदेखेपछि म्यागबेथले छुरा धसे, किङ् डंकनको हत्या गरिदिए ।

नेपालको प्रजातन्त्र र त्यसपछिको लोकतन्त्रमा राजास्वरूप रहेका जनतामाथि यसैगरी जनविश्वासमाथि स्वार्थको छुरा धस्दै आएका छन् । जनताले विश्वास गर्ने आफ्ना प्रतिनिधिलाई हो । जनप्रतिनिधिहरूले जनतालाई भ्रममा पार्छन्, अनेक चिप्ला र मीठा भाषणमा भुलाउँछन् र जनविश्वासमा छुरा धस्छन् । १७ वर्षदेखि यसरी नै नेताहरूले देश र जनतामाथि घात गरिरहेकै छन् ।

अंगुलीमाल बन्न नसकेका राजनीतिक नेतृत्वका कारण राष्ट्र समस्याबाट संकटापन्न भइसकेको छ । विवेक मरेको अन्धकार अवस्थामा पुगिसक्यो राष्ट्र ।

●●●

**जो आफैं अलोकतान्त्रिक छन्, तिनले चलाएको लोकतन्त्रको गाईजात्रा हरेक दिन हेर्दा हेर्दा जनता वाक्क भइसके शेक्सपियरको नाटकमा म्यागबेथ भन्ने पात्र छ, उसले आफ्नै राजालाई छुरा धसेर स्वार्थ पुरा गर्ने बहादुरी देखाउँछ। त्यो बहादुरी थियो कि कायरता ? हाम्रा नेताहरू यस्तै महत्वाकांक्षी परिवादमा छ। यही परिवारवादले भ्रष्टाचार र नीतिहिनता बढाइरहेको छ।**

●●●

जसरी श्रीलंकामा राजापाक्ष परिवारले अपराध र लुटको राजनीति गरेका थिए, अन्ततः जनताले बिद्रोह गरेपछि उनीहरूको चिल्लीबिल्ली हुनपुग्यो । नेपालमा राज्यअपराधको पोखरीमा आहाल बसेका छन् नेताहरू । नेताको छत्रछायाँमा प्रशासकहरूसमेत भ्रष्टाचार गर्न उत्साहित भएका छन् । न्यायालयलाई राजनीतिकरण गरेकाले न्यायालय कमजोर बनाइएको छ । राज्य सञ्जाल नै म्यागबेथजस्ता स्वार्थीहरूको झुण्डले चलाइरहेका छन् ।

एक समय थियो, छिमेकी चीनमा सनयात सेन र माओ थिए । एकजना लखेटिए, अर्को चीनका बादशाह बने । नेपालमा जनयुद्ध गर्ने प्रच(ण्डले हस्तिनापुर रोजे, ३ पल्ट प्रधानमन्त्री, ९ वर्ष सत्तामा रहे । तर जनयुद्धकालका संक्रमणकालीन मुद्दाको छिनोफानो गराउन सकेनन् । पीडकलाई सत्ताको हालीमुहाली दिइरहे । बिधिले पीडकलाई बाँध्न सकेन । पीडितहरू १७ वर्षदेखि न्याय खोजिरहेका छन् । अन्तर्राष्ट्रिय मानवाधिकारवादीहरू नेपालको दण्डहीनताको पराकाष्ठालाई चीलका आँखाले नियाली रहेका छन् । रोइरहेका छन् ।

यो समय छ, कांग्रेस र एमालेको सत्ता छ । यिनले पनि संक्रमणकालीन न्याय अथवा समानताका लागि होइन, आफ्नै अपराधिक कृयाकलापको छोपछाप र नयाँ अपराध गर्ने प्रवृत्तिको सुरूआत गरिसकेका छन् ।

कालोबादलमा चाँदीको घेरा देखिदैन । अंगलीमाल होइन, म्यागबेथकै नियति दोहारिरहेको छ । अर्थात् देश र जनताले न्याय पाउनेवाला छैनन् ।

पार्टी अनेक छन्, साना र ठूला छन् । तर ती पार्टीहरू एक हुनु र अनेक हुनुमा भिन्नता छैन । किनकि सत्ता स्वार्थका सामु ती सबै एकै ठाउँमा अट्न सक्छन् । गला मिलाउँछन्, कुन कांग्रेस, कुन माओवादी, कुन एमाले, कुन रास्वपा, कुन राप्रपा, कुन मधेसवादी केही पनि छुट्टिदैन । जब सत्ताको भागबण्डा मिल्दैन, कमिशनमा तलमाथि हुन्छ, त्यसपछि एकले अर्कोलाई खुइल्याउन अघि सर्छन् । यसकारण पनि यक्ष प्रश्न उठेको हो- राजनीतिक स्वार्थको सुरक्षा कि देशको सुरक्षा सर्वोपरि हो ? म्यागबेथहरूलाई आफ्नै स्वार्थ सर्वोपरि भइरहेको छ ।

देश असुरक्षित छ । छिमेकीले सीमामात्र मिचेन, भुभागमात्र हसुरेन । विश्वमा शक्तिशाली मिडिया सीएनएनमा काम गर्ने फरिद जकारियालाई किताव नै लेख्न लगायो र विश्वभरि प्रचार गरायो- बुद्ध भारतमा जन्मिएका हुन् । भारतले फिल्मी कलाकार कविरवेदीलाई बलीको बोको बनाएर प्रचार गरायो- बुद्ध भारतमा जन्मिएका हुन् । बुद्ध भारतका हुन् भनेर भारत नेपालमाथि कुन प्रकारको कुटनीतिक गेम खेलिरहेको छ, हामा नेतृत्व आँखामा स्वार्थको पट्टी बाँधेर सत्तासुख भोगिरहेका छन् । कठै राष्ट्रघाती नेतृत्व । म्यागबेथजस्ता घाती नेतृत्व ।

हालैका दिनमा अहिले क्रिकेटर विराट कोहलीले नेपालको हिमाललाई भारतीय हिमाल भनेर विवाद झिकेका छन् । नेपालीहरूले उठाउन सक्ने आवाज हो, गर्नसक्ने घृणा हो । गरिरहेका छन् । विराट कोहली सम्हालिएका छैनन् । सच्चिएका छैनन् । धोखेवाज म्यागबेथहरू देशभित्र छन्, देश बाहिर पनि छन् । अनेक थरिका म्यागबेथहरू अनेक तरिकाबाट नेपालको घाँटीमा छुरा धसिरहेका छन् । नेपाल संचेतन हुनुपर्छ । यो संचेतनका लागि देशभक्ति चाहिन्छ, विवेकशील हुनुपर्छ । अन्धबेग नासिनुपर्छ । अचम्म छ, कति शक्ति, कति समय सत्ता, कति सहुलियत, कति सम्पत्ति भए यी नेतालाई पुग्ने हो ? ब्रम्हनालमा नपुग्दासम्म पनि यिनको तिर्खा नमेटिने खालको देखिन्छ ।

सचेत हौं नेपालीहरू ।



पढ्थ्यौ हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

- अभियानवाणी

अभियान
साप्ताहिक

## सम्पादकीय

# संसदीय सुनुवाई समिति कर्मकाण्डीमै सीमित

*संविधानमै संसदीय सुनुवाई समितिको व्यवस्था गरिएको छ । संसदीय सुनुवाई समिति सम्बैधानिक आयोगहरू सर्बोच्च अदालतका न्यायाधिश र राजदूतहरूको संसदीय सुनुवाई समितिले सरकारले सिफारिस गरेका व्यक्तिहरूको संसदीय सुनुवाई गर्ने कार्यलाई कर्मकाण्डीमै समिति गरेको छ। संसदीय सुनुवाई समितिले सरकारले सिफारिस गरेका विवादास्पद व्यक्तिहरूलाई समेत स्वीकार गरेर सरकारको सिफारिसलाई अनुमोदन गर्ने गरेको हुनाले संसदीय सुनुवाई समिति माथि नै प्रश्न उठ्न थालेको छ। संसदीय सुनुवाई समितिले आजका दिनसम्म सुनुवाई समितिको सभापति सम्म चुन्न सकेको छैन। झण्डै २० महिनासम्म संसदीय सुनुवाई समितिले समितिको सभापति सम्म चुन्न नसकेका हनाले समितिको जेष्ठ सदस्यले समितिका सभापतित्व गर्दै आएका हुनाले समिति आफ्नै अपांग जस्तो भएको छ। संसदीय सुनुवाई समितिले सरकारले सिफारिस गरेका व्यक्तिहरूलाई अनुमोदन गर्दै जाने हो भने त्यो समितिको अर्थ नै रहँदैन ।*

*संसदीय सुनुवाई समितिले २०७५ साउनमा सर्बोच्च अदालतका न्यायाधिश दिपकराज जोशीलाई सर्बोच्च अदालतको प्रधानन्यायाधिश बन्न अस्वीकार गरेको बाहेक आजसम्म सरकारले गरेका सिफारिसलाई अनुमोदन गर्दै आएकाले संसदीय सुनुवाई समिति कर्मकाण्डी गर्ने थलोका रुपमा चिनिँदै आएको छ। सरकारले आफ्नो स्वार्थ अनुसार अनपर्युक्त व्यक्तिहरूलाई समेत सम्बैधानिक आयोगहरू र राजदूतमा सिफारिस गर्ने गरेको भएपनि त्यसलाई संसदीय सुनुवाई समितिबाट रोक्न सकेको छैन। विगतको पुष्पकमल दाहाल नेतृत्वको सरकारले कुनै अमूल व्यक्तिका सिफारिसमा निर्वाचन आयोगको आयुक्तमा विवादास्पद व्यक्ति कृष्णमान प्रधानको नाम सम्बैधानिक परिषद्ले सिफारिस गरेको थियो। प्रधानको नाम सिफारिस गर्दा तत्कालिन प्रधानमन्त्री पुष्पकमल दाहाल, सभामुख देवराज घिमिरे, राष्ट्रिय सभाका अध्यक्ष नारायण दाहाल, सर्बोच्च अदालतका प्रधानन्यायाधिश विश्वम्भर श्रेष्ठ, उपसभामुख इन्दिरा राना मगर र तत्कालिन विपक्षी दलका नेता शेरबहादुर देउवा सबै उपस्थित थिए। तर असार १७ गते कांग्रेस र एमालेबीचमा ७ बुँदे सहमति भएको र सरकार परिवर्तन भएकाले प्रधानको संसदीय सुनुवाई रोकिएको थियो। एमालेका अध्यक्ष केपीओली प्रधानमन्त्री बनेको केही दिनपछि प्रधानमाथि संसदीय सुनुवाई भएको छ। प्रधानले आफूमाथि लागेको आरोपको बारेमा चित्त बुझ्दो जवाफ समितिलाई नदिएका र पैसाको भरमा यौन शोषणको मुद्दा मिलाईसकेको बताएपछि त्यस्ता व्यक्तिलाई तत्काल अस्वीकार गर्नुपर्नेमा संसदीय सुनुवाई समितिले निर्णय गर्न नसक्नु भनेको आफ्नो जिम्मेवारी पूरा गर्न नसक्नु नै हो। आफूले पाएको अधिकार प्रयोग गर्न नसक्नु अर्को अपराधपूर्ण कार्य हो। आफ्नो नाम संसदीय सुनुवाई समितिबाट अनुमोदन नहुने बुझेपछि प्रधानले नै समितिलाई निवेदन दिएर आफ्नो नाम फिर्ता लिएका थिए। त्यसपछि मात्र समितिले प्रधानलाई अस्वीकार गरेको थियो।*

*नेपालको संविधानको धारा २ सय ४५ को उपधारा ६ मा निर्वाचन आयुक्तको लागि योग्यताहरू तोकिएका छन् जसको बुँदा ६ मा उच्च नैतिक चरित्र भएको सर्त राखिएको छ। प्रधानमाथि लागेको आरोप संविधानको यो व्यवस्थाबीचमा मेल खान्छ कि खाँदैन भनेर सांसदहरूले परिक्षण गर्न नसक्नान् भनेर सोच्न बान्छनीय हुन सक्दैन। पिडितलाई प्रलोभन, धम्की वा अन्य कुनै माध्यमबाट मेलमिलापको धागोले बाँधन सकिन्छ तर संविधानको धारालाई बाध्य सकिँदैन यो कुरा प्रधान स्वयम् उनलाई आयुक्त बनाउने भूमिका खेल्ने दृष्य अदृश्य शक्ति र अनुमोदनको निम्ति अन्तिम निर्णयकर्ता सांसद सबैले बुझ्नुपर्दछ। यसले नै सम्बन्धित पदको गरिमा र संविधानको दिर्घायु सुनिश्चितत हुन्छ भन्ने हामीले ठानेका छौं।*

# जलवायु जोखिम कसरी रोक्ने ?

**बाबुराम राई**

बढी कार्बन उत्सर्जनले पृथ्वी दिनानुदिन तातिँदै गएबाट जलवायु परिवर्तन भइरहेको छ । विकसित राष्ट्रहरूले खनिज पदार्थको अत्यधिक रूपमा प्रयोग गर्नाले बढी कार्बन उत्सर्जन भएको हो ।

चीनले ३० प्रतिशत र अमेरिकाले ११ प्रतिशत कार्बन उत्सर्जन गरिरहेका छन् । नेपालमा भइरहेको खनिजजन्य पदार्थको प्रयोग, फोहोरमैलाको जलन र वन डढेलो आदिका कारणबाट कार्बन उत्सर्जन भइरहेको छ तर यो नगन्य रूपमा ०.१ प्रतिशत मात्र रहेको छ । आज विश्वमा जलवायु परिवर्तन एउटा ठूलो चुनौतीका रूपमा देखा परेको छ, जसका कारण पृथ्वीमा विभिन्न प्रकारका संकट उत्पन्न भइरहेका छन् ।

हिमालहरू हिउँविहीन बन्दै छन् । यतिसम्म कि कालो पत्थरको चुचुरा जस्तो देखिन थालेका छन् । अर्कोतिर समुद्रीय तटीय तथा टापुजन्य देशहरू डुबानमा परेको तथ्य सामान्य अवलोकनबाट नै हामी पाउँछौं । सोलुखुम्बुको नाम्चे बजारमाथि खोन्दे हिमालको काखमा खुम्जुङ उपत्यका बनेको छ । तर, त्यो खोन्दे हिमाल धेरै वर्ष पहिले नै हिउँविहीन कालो पत्थर बनिसकेको छ । त्यस्तै केही वर्ष अगाडि साइपाल हिमाल चढेका आरोही अर्को वर्ष पुनः उक्त हिमाल चढ्न आउँदा हिउँविहीन कालो पत्थर देख्दा आश्चर्यचकित बनेका थिए । पुस र माघ महिनामा बाक्लो हिउँ पर्दा माटोमा चिस्यान जेठ, असारसम्म रहन्थ्यो । यसले गर्दा प्रशस्त मात्रामा आलु, जौ आदिको उत्पादन हुने गरेको हिमाली क्षेत्रमा हिउँ कम परेका कारण मुस्किलले २०-३० प्रतिशत मात्र उत्पादन हुन सकेको पाइन्छ । पहाडमा सिँचाइको सुविधा नभएको मौसममा भर पर्नुपर्ने करिब ९० प्रतिशत खेत बाँझिन पुगेका छन् । त्यस्तै, समयमा पानी नपर्नाले तराईका खेतमा प्रत्येक वर्ष जेठ र असार महिनामा धाँजा फाटेका विवरण आउने गरेका छन् ।

हिमाली क्षेत्रमा हिउँपहिरो गइरहेको छ भने हिमताल फुट्ने संघारमा छन् । यसैगरी, बढी वर्षा भइदिँदा पहाडी क्षेत्रमा बाढीपहिरो जस्ता प्राकृतिक विपत्ति नभएका होइनन् । खोला तथा नदी किनारमा बसोबास गर्ने माझी, दनुवार तथा अन्य जातिले बर्सेनि बाढीको सामना गर्नुपरिरहेको छ । तराईमा लगाइएको धान खेतमा प्रत्येक वर्ष बाढी पसेर डुबानको समस्या निम्त्याइरहेको छ । एकातिर कोशी प्रभावित सुनसरी, मोरङका भूभागमा बसोबास गर्नेहरू छन् भने अर्कोतिर महाकाली नदीको डुबानले त्यहाँका बासिन्दालाई सताइरहेको छ ।

तापक्रम वृद्धिका कारण नेपालजस्तो सानो र गरिब राष्ट्रका जनताले पनि अकल्पनीय पीडा र नोक्सानी बेहोर्नुपरेको छ । यस वर्ष नेपालको पूर्वी उदयपुरदेखि इलामसम्म लगाएको मकै बाली प्रि-मनसुनको समयमा लागेको खडेरीबाट पूरै सुकेर गए । त्यस्तै, यही समयमा आगलागीका घटनामा पनि वृद्धि भएको थियो । यति मात्र कहाँ हो र, तराईमा तातो हावा 'लु' का कारण मानिसको मृत्युवरणसमेत भएको पाइन्छ । नेपालको पूर्वी भूभाग झापामा २०८१ जेठ १७ मा ४० डिग्री सेल्सियस तापक्रम पुग्नुका साथै सोही दिन पश्चिमी भूभाग धनगढीमा ४४ डिग्री तापक्रम पुगेको थियो । २०८१ असार १ मा काठमाडौंमा ३५.१ डिग्री सेल्सियस तापक्रम पुगेको थियो । यसरी तातोपन बढ्नुका कारणले वृद्धवृद्धा, बालबालिका र बिरामीहरू पीडादायक अवस्थामा पुगेका छन् । तराईमा चल्ने तातो हावा लुबाट प्रप्ताडित समूहलाई आइपर्ने जोखिमलाई अनुकूलन गर्न खानेपानीको व्यवस्था गर्नुका साथै ठाउँ-ठाउँमा सामुदायिक भवनमा ठूल्ठूला कुलर जडान गरिनुपर्दछ । यसका लागि पालिकाहरूले अग्रसरता लिनुपर्छ । तातोपनको असर छिमेकी राष्ट्रहरू बंगलादेश, भुटान, भारत र पाकिस्तान पनि अछुतो रहन सकेका छैनन् । भारतको दिल्लीमा मे २९, २०२४ का दिन ५२.३ डिग्री सेल्सियस तापक्रम पुगेको थियो । त्यस्तै आन्द्र प्रदेशमा ५० डिग्री सेल्सियस तापक्रम पुगेको थियो भने भारतमा पनि तातो हावाका कारण धेरै मानिसको मृत्यु भइसकेको छ । त्यस्तै पाकिस्तानमा तातो हावाकै कारणले जुन २८, २०२४ सम्म ५०० जनाले ज्यान गुमाइसकेका छन् । अहिलेकै तापक्रम वृद्धि कायम भई आएमा सन् २०४० मा अहिलेको तापक्रमको दोब्बर तापक्रम पुग्ने अध्ययनहरूले बताएका छन् । यस्तो विकराल अवस्था आउन नदिन सचेत भई काम गर्नुपर्ने हुन्छ ।

एकातिर तापक्रम वृद्धिले वन डढेलो लागी वन विनाश भइरहेको छ भने अर्कातिर वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनको मर्मविपरीत पूर्वाधारहरू तयार गरिँदा ठूलो संख्यामा वन कटानी भइरहेको छ । वनजंगल भएमा जलाधार हुने हो, सोही जलाधारबाट वाष्पीकरण भई पानी पर्ने गर्छ । वनजंगलको यत्रतत्र विनाश भइदिँदा जैविक विविधतामा ठूलो हानि पुगिरहेको छ । बोटबिरूवाको परागसेचनमा मौरीको करिब ६० प्रतिशत र बाँकी अन्य किराको भूमिका रहन्छ । तर, मौरी र अन्य किराको संख्या घटिरहेको पाइन्छ । यसरी पारिस्थितिकीय प्रणाली पनि बिथोलिइरहेको छ । यतिले मात्र नभई तापक्रम वृद्धिले मानिसको शरीरमा हुने ३६.७ डिग्री सेन्टिग्रेड वा ९८.६ डिग्री फरेनहाइट तापक्रममा अत्यधिक वृद्धि ल्याई बढी पसिना निस्कने हुन्छ । मानिसको शरीरमा दुईदेखि चार लिटर पानी हुने गर्छ । सोमन्दा कमी भएमा डिहाइड्रेसन हुन गई मानव मस्तिष्कमा असर पुग्छ । मानिसले दिनमा तीन लिटर पानी पिउनुपर्छ र १.५ लिटर पिसाब गर्नुपर्छ तर अत्यधिक तापक्रम वृद्धिकै कारण असामान्य अवस्था सृजना भई मृत्यु पनि हुने गर्छ ।

यसरी जलवायु परिवर्तनबाट भएका हानि-नोक्सानीको विवरण विभिन्न विधि तथा प्रविधिद्वारा यकिन गर्न सकिन्छ र यो अति आवश्यक पनि छ । हिमाली भेगमा हिउँ कम पर्नाले र भएको हिउँ पनि तापक्रम वृद्धिको कारणले पग्लिएर गई प्रत्येक वर्ष हिउँविहीन हिमालको संख्या बढिरहेको तथ्य 'रिमोट सेन्सिङ' प्रविधिबाट यकिन गर्न सकिन्छ । यसका लागि 'एरियल' फोटोग्राफीको आवश्यकता पर्छ । यस्तो फोटोग्राफी इसिमोडले केन्द्रीय भूगोल विभाग कीर्तिपुरसँग समन्वय गरी तयार पार्दै आइरहेको छ । यसका अतिरिक्त हिमालहरू कालापत्थर बनिरहँदा आरोहीहरू त नआउने नै भए भने पर्यटकहरूको संख्यामा पनि कमी आई पर्यटन उद्योगमा ठूलो प्रभाव पर्ने भयो । यस उद्योगबाट कुल गार्हस्थ्य उत्पादनमा पुगिरहेको योगदानमा भएको कमीको विवरण पर्यटन विभागले तयार गर्न सक्नुपर्छ । त्यस्तै, अत्यधिक वर्षाले गएको पहिरो र खोला नदी किनारमा आएको बाढीले पुऱ्याएको क्षतिको लगत भौगर्भिक सूचना प्रणालीद्वारा यकिन गर्न सकिन्छ र गृह प्रशासन अन्तर्गतका दैविक उद्धारसम्बन्धी काम गर्ने निकायले यसको जिम्मेवारी लिनुपर्छ । कृषि तथा नगदेबालीहरू जस्तै : धान, मकै, कोदो, गहुँ, जौ, फापर, तोरी, आलु आदिको उत्पादन घटेको तथ्यांक स्थानीय पालिकाहरूले विभिन्न प्रकारका प्रश्नावलीसहित सर्वेक्षण गरी निकाल्नुपर्छ । वन डढेलोबाट हुने नोक्सानी र जैविक विविधतामा पुऱ्याएको क्षतिको लगत भौतिक अवलोकन गरी 'चेक लिस्ट'को माध्यमबाट तयार गर्न सकिन्छ ।

यस्ता हानिनोक्सानीको उचित व्यवस्थापन गर्न ठूलो धनराशी र प्राविधिक ज्ञानको खाँचो पर्छ । नेपाल जस्तो देशले यस्तो कार्य गर्नु फलामको चिउरा चपाउनुसरह हो किनभने आन्तरिक र बाह्य दुवै स्रोतबाट पनि चालु खर्च धान्न नसकिरहेको अवस्थामा आर्थिक सहायता जुटाउनु नै प्रमुख विकल्प हो । तर विकसित राष्ट्रहरू आर्थिक सहायताका लागि अग्रसर नभइरहेको अहिलेको अवस्था छ, नहोस् पनि किन प्राप्त आर्थिक सहायताको सही ढंगले उपयोग नभई यस्तो रकमको व्यापक दुरुपयोग नभएको होइन । नेपालले आर्थिक सहायता जुटाउन प्राथमिकतामा राख्नुपर्ने हुन्छ भने दोस्रोमा कम ब्याजदरको ऋण लिन पनि पछि पर्नु हुँदैन । किनभने यस्ता हानिनोक्सानीको आयतन बढिरहेको अवस्थामा समयमा नै सम्बोधन हुन नसक्दा भोलिका दिनमा भयावह स्थिति नआउला भन्न सकिन्न । आर्थिक सहायता जुटाउने सिलसिलामा पेरिस सम्मेलनमा समुद्रीय तटीय वा टापुजन्य देशहरूका प्रतिनिधिहरू तापक्रम वृद्धि भएकै कारण आफ्नो देशमा भएका हानिनोक्सानीको लगतसमेत समावेश गर्दै प्रखर रूपमा प्रस्तुत भएका थिए । यसरी विभिन्न देशबाट सहभागी प्रतिनिधिहरूले त्यस्ता देशलाई आर्थिक सहायता बढाउन मन्जुर भई घोषणापत्र तयार गरेका थिए ।

नेपालले केही नगरेको भने होइन । गत वर्ष मात्र संयुक्त राष्ट्र संघका महासचिव एन्टोनियो गुटेरेसलाई नेपाल भ्रमणको निम्तो दिई सोलुखुम्बुको स्याङ्बोचेबाट विश्वको सर्वोच्च शिखर सगरमाथाको अवलोकन गराउनुका साथै त्यस सेरोफेरोमा अवस्थित हिउँविहीन काला पत्थरका हिमालको अनुभूतिसमेत गराइएको थियो । जसको परिणामस्वरूप दुबईमा भएको कोप-२८ मा उनले तापक्रम वृद्धिकै कारण हिमालयन देशहरूले भोगिरहेको समस्यालाई आफ्नो वक्तव्यमा समावेश गरिदिँदा त्यस सम्मेलनका सहभागीहरूलाई अनुभूत गराउन नेपाल जस्ता देशका लागि मद्दत पुगेको थियो । नेपालले पनि तापक्रम वृद्धिका कारण आफ्नो देशले खेपिरहेको हानिनोक्सानी सशक्त ढंगले प्रस्तुत गरेको थियो । तर कुन-कुन क्षेत्रमा कस्तो-कस्तो नोक्सानी भयो, लगत तयारबिनै प्रस्तुत भइदिँदा त्यही सम्मेलनमा स्थापना भएको हानिनोक्सानी कोषबाट न्यायोचित ढंगले हिमालयन देशप्रति रकम विनियोजन भएको पाइएन । हालै मात्र चन्द्रागिरिमा जलवायु परिवर्तनले पारेको प्रभावसम्बन्धी विभिन्न देशका विज्ञ प्रतिनिधिहरूसँग दुईदिने अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको थियो, जहाँ नेपालले तापक्रम वृद्धिको कारणबाट उब्जिएका समस्या राख्न सकेको थियो । यो नेपालका लागि उपलब्धिपूर्ण बन्न सकेको छ । नेपालले यस्ता कार्यक्रमहरू भोलिका दिनमा गर्दै जानुपर्ने हुन्छ । संकट समाधानका लागि प्राप्त आर्थिक सहयोग र लिएको ऋण न्यायोचित ढंगले खर्च र लगानी गर्न सक्नुपर्छ, जसमा हानिनोक्सानीको प्राथमिकीकरण गरी बाढीपहिरो र अग्निपीडितहरूलाई पहिलो प्राथमिकतामा राखी राहत उपलब्ध गराउनुपर्ने हुन्छ ।

जलवायु परिवर्तनबाट अनावृष्टि, खण्डवृष्टि र अतिवृष्टि हुने गर्छ । नेपालमा अहिले भारी वर्षा भइरहेको छ । जसका कारण उच्च पहाडी र मध्य पहाडी क्षेत्रमा बाढी, पहिरो गइरहेको छ भने तराईमा डुबान भइरहेको छ । पानी बढी परेकै कारणले कोशी ब्यारेजका ५६ ढोका खोलिएका छन् । अहिले ठूलो मात्रामा भौतिक तथा मानवीय क्षति पुगिरहेको छ । पहिरोबाट सडकहरू बिग्रिरहेका छन् भने हालै मात्र पहिरोले दुई वटा यात्रु बसहरू बगाएर त्रिशूलीमा खसालिदिएको छ । अझै यसको अवस्था पत्ता लाग्न सकेको छैन । यस वर्ष बाढीपहिरोले १२०० घरपरिवार प्रभावित हुनुका साथै १०० भन्दा बढीको ज्यान गइसकेको छ । बाढीकै सवालमा खोला र नदीको मुहानमा भारी वर्षा भएको अवस्थामा त्यस खोला र नदीको किनारमा बसोबास गर्नेहरूलाई साइरन वा सञ्चारका कुनै पनि माध्यमबाट पूर्वसूचना दिन सकेमा बाढीबाट पुग्ने जोखिमको न्यूनीकरण गर्न सकिन्छ । हालसम्म ३७ स्थानमा साइरन जडान भएकामा यो संख्यालाई वृद्धि गरिनुपर्छ । जोखिमपूर्ण स्थानहरूको पहिचान गरी त्यस्ता स्थानमा बसोबास गर्नेहरूलाई समयमा नै स्थानान्तरण गरिनुपर्छ । यस्तो व्यवस्थाका लागि स्थानीय विपद् व्यवस्थापन समिति, प्रदेश र संघमा भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबीच समन्वय कायम गरी प्रतिकार्यमा जुट्न सक्नुपर्छ ।

यी त भए अस्थायी विकल्पहरू । दीर्घकालीन विकल्पमा वन नोक्सानी हुन नदिन, जलाधार बचाउन र परेको पानी रिचार्ज गर्ने व्यवस्था मिलाउन योजनाहरू बनाउनुपर्छ । जीवन निर्वाहका लागि हिमाली क्षेत्रमा चौंरी पालन, भेडा पालन, फलफूल खेती र पहाडी क्षेत्रमा गाई पालन, भैंसी पालन, बंगुर पालन गर्नुका साथै मकै खती, धान खेतीका लागि सिँचाइको व्यवस्था गरिनुपर्छ । नेपालको अन्नभण्डार तराईमा धान खेतीको बढोत्तरी गर्न सरकारले सुनकोशी मरिन डाइभर्सन सिँचाइ आयोजना, जस्तै- अन्य आयोजना निर्माण गरी सिँचाइको उचित व्यवस्था मिलाउन सक्नुपर्छ । *(कान्तिपुर)*

# गठबन्धन चुनौती कि अवसर ?

बिनोज बस्न्यात

सन् २००६ मा विस्तृत शान्ति सम्झौता (सिपिए) मा हस्ताक्षर भएपछिका झन्डै दुई दशकयता नेपालले नयाँ राजनीतिक व्यवस्था कार्यान्वयनका लागि मार्गप्रशस्त गर्ने सन्दर्भमा चारवटा प्रमुख रणनीतिक मुद्दाको सामना गरेको छ । एक, शान्ति वार्ताका माध्यमबाट विद्रोहलाई नेपालको विद्यमान लोकतान्त्रिक प्रक्रियामा पुनः स्थापना । दुई, माओवादी लडाकुको समायोजन एवं पुनर्स्थापना । तीन, ६० हजारभन्दा बढी मानव अधिकार हननसम्बन्धी मुद्दाको मेलमिलाप । र चार, संघीयता, गणतन्त्र, धर्मनिरपेक्षता र समावेशिताको सिद्धान्तमा टेकेर २०७२ को संविधान जारी ।

यीमध्ये दुइटा आधारभूत विषय अझै पनि बहस र छलफलमै छन् । एक दशक लामो माओवादी युद्धका क्रममा भएका 'मानव अधिकार' उल्लंघनका मुद्दा अझै टुंगिन सकेका छैनन् । यसबीच, ३१ असारमा संघीय संसद्मा दुईतिहाइसाथ नयाँ गठबन्धन सरकार बनेपछि '०७२ सालको संविधान'मा परिवर्तनको सम्भावनासहित यी मुद्दा फेरि चर्चामा छन् ।

१८ वर्षदेखिको संक्रमणमा भूराजनीतिक शक्ति नै हाबी भए भने नेपालले नयाँ राजनीतिक एवं शासकीय प्रणालीतर्फ लामो संक्रमणको सामना गरिरहेको छ । संविधान र मानव अधिकारका मुद्दा उछालिँदै जाँदा संविधान र यसपछाडिका राजनीतिक शक्ति राष्ट्रिय मुद्दामा जत्तिकै भूराजनीतिक मामिलामा पनि जोडिँदै जानेछन् । कांग्रेस-एमाले नेतृत्वको सरकारले दुइटा कार्यसूची तय गरेको छ । पहिलो, राजनीतिक अस्थिरताबाट निकास खोज्ने र दोस्रो, अभ्यासका आठ वर्षको आलोकमा संविधानमा आवश्यक परिमार्जन गर्ने । यो नेपालको आर्थिक विकासका लागि बलियो सरकारको खोजी पनि हुनेछ । साथै, नेपालको राजनीतिक एवं शासन प्रणाली नेपालीले नै निर्माण गर्नेतर्फको काम पनि हुनेछ ।

पछिल्ला चारवटा आमनिर्वाचन र डेढ वर्षको अवधिमा चारपटक विश्वासको मतले सन् २०६२ मा नेपालको संक्रमणकाल सुरू हुँदाखेरिको प्रमुख राजनीतिक शक्ति अर्थात् निवर्तमान प्रधानमन्त्री प्रचण्डले जनताको विश्वासलाई कायम राख्न नसकेको तथ्य उजागर गर्छ । सर्वहारा कम्युनिस्ट प्रणाली त्यागेर ०६२ मा शान्तिपूर्ण राजनीतिमा प्रवेश गरेपछि प्रचण्डको नेतृत्वमा माओवादीले ०६४ वैशाखमा सम्पन्न पहिलो संविधानसभाको निर्वाचनमा सबैभन्दा ठूलो शक्तिका रूपमा ६०१ मध्ये २२९ सिटमा विजय हासिल गर्‍यो । ०७० मा भएको दोस्रो संविधानसभाको चुनावमा ६०१ मध्ये ८२ सिट जितेर माओवादी तेस्रो ठूलो दलमा सीमित भयो । संविधान जारी भएपछिका ०७४ र ०७९ को आमनिर्वाचनमा क्रमशः एमालेसँगको चुनावी तालमेलबाट ५३ र कांग्रेससँगको चुनावी तालमेलमा ३२ सिटमा खुम्चियो ।

कांग्रेस र एमालेले आफ्नो हैसियत लगभग कायम राख्दै आएका छन् भने राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र स्वतन्त्र उम्मेदवारले माओवादीको सिट लगेका छन् । मधेश आन्दोलनसँगै मधेशी जनअधिकार फोरम, नेपाल मूलधारको राजनीतिमा प्रवेश गर्‍यो । त्यसपछिका चुनावमा ऊ विभिन्न समूहमा विभाजित भयो । राष्ट्रिय आवश्यकता र प्राथमिकतालाई नेतृत्वको लोभ र भयबाट सिर्जित राष्ट्रिय नीति, संकुचित दृष्टि, भूराजनीतिक परिवेशको गलत व्याख्याका साथै पार्टीका आन्तरिक र अन्तरपार्टी विसंगतिले सीमान्तकृत गरेका छन् । संवैधानिक सामान्यीकरणको खतरनाक धक्काले नेपाललाई अस्थिर बनाउन सक्छ । विशेषगरी भारतको प्रभाव पर्नेछ ।

भूराजनीति : २० सेप्टेम्बर २०१५ मा भारतीय विदेश मन्त्रालयले प्रेस विज्ञप्ति जारी गर्दै गणतन्त्र, संघीयता र धर्मनिरपेक्षताको समर्थन गर्‍यो । 'नेपालमा संविधान जारी भएको विषयलाई हामीले संज्ञानमा लिएका छौँ,' उसले विज्ञप्तिमा भनेको थियो । समावेशितालाई संविधानले मिस गरेको छ । नयाँदिल्लीले कडा शब्दमा जारी गरेको वक्तव्यमा 'भारतको सीमा जोडिएको छिमेकका विभिन्न भागमा अझै पनि हिंसा कायम रहनु चिन्ताजनक छ' भन्यो ।

यसविपरीत उत्तरी छिमेकी चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता होङ लेईद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'नयाँ संविधान जारी गरेकामा चीन नेपाललाई हार्दिक बधाई ज्ञापन गर्छ । नेपालले राष्ट्रिय एकता, स्थायित्व र विकासको अनुभूति गर्ने अवसरका सदुपयोग गर्ने आशा छ ।' होङले नेपाललाई चीनले आर्थिक सहयोग जारी राख्ने बताए । हालैका वर्षमा चीन भारतलाई उछिनेर प्रत्यक्ष वैदेशिक लगानीको सबैभन्दा ठूलो स्रोत बनेको छ । 'चीन नेपालसँगको सम्बन्धलाई महत्व दिन्छ । पारस्परिक लाभका विषयमा सहयोगलाई अझ प्रगाढ बनाउन र हाम्रो क्षमताअनुसार नेपालको आर्थिक तथा सामाजिक विकासमा सहयोग गर्न चीन सदैव इच्छुक छ,' होङको विज्ञप्तिमा भनिएको थियो । इयूका प्रवक्ताले संविधानलाई भविष्यको राजनीतिक स्थायित्व र आर्थिक विकासका लागि ऐतिहासिक घटनाका रूपमा समर्थन गर्दै मधेशमा जारी अशान्तिप्रति चिन्ता व्यक्त गरे ।

विशेषगरी चीनको तिब्बती भूरणनीतिका कारण महाशक्तिको राजनीतिमा सफल हुन नेपाललाई प्रभावकारी कूटनीतिको खाँचो छ । निकटवर्ती छिमेकी चीन र भारतले विश्वको आर्थिक वृद्धिको लगभग आधा हिस्सा ओगटेका छन्, जसले दक्षिण एसियालाई नयाँ आकार दिइरहेको छ ।

राजनीतिक चिन्ता : नेकपाले आफ्नो राजनीतिक यात्रा जातीय राजनीतिबाट सुरू गरेको थियो । नेपालको इतिहासमै पहिलोपटक ०६४ को पहिलो संविधानसभा निर्वाचनमा दलितले ८.१७ प्रतिशत, महिलाले ३३.२२ प्रतिशत, जनजाति तथा जनजातिले ३३.३९ प्रतिशत र मधेशीले ३४.०९ प्रतिशत सिटको प्रतिनिधित्व पाएका थिए ।  ०५० मा स्थापित माओवादी ०५२ मा सुरू भएको जनयुद्ध हुँदै थुप्रै आमूल परिवर्तनबाट गुज्रिँदै लोकतान्त्रिक शक्तिका रूपमा स्थापित भएको छ ।

निवर्तमान प्रधामन्त्री प्रचण्डले संविधान संशोधनबारे कांग्रेस र एमालेलाई कडा चेतावनी दिएका छन् । 'यसले प्रतिगमन र अधिनायकवादतर्फ डोर्‍याउन सक्छ भन्नेमा म चिन्तित छु,' संसद् लाई सम्बोधन गर्ने क्रममा प्रचण्डले गल्ती स्विकार्ने र अल्टिमेटम र उत्तेजक टिप्पणीबाट टाढै रहने बताउँदै व्यक्तिगत भावना व्यक्त गर्दा थप सावधानी अपनाउने प्रतिबद्धता पनि व्यक्त गरेका छन् । सत्ताको बहिर्गमनले माओवादीको 'पावर पोलिटिक्स' अन्त्य पनि हुन सक्छ ।

०६४ पछिका १६ वर्षमा केपी ओली १४औँ प्रधानमन्त्री भएका छन् । ओलीले चौथो इनिङमा संविधान संशोधन, आर्थिक सुधार, सामाजिक चुनौती, शासन प्रणालीको राजनीतीकरण, कृषिमा क्रान्ति, भूराजनीतिक परिवर्तनअनुरूप परराष्ट्र नीतिको पुनरावलोकन, राष्ट्रिय सरकार गठनजस्ता राजनीतिक स्थायित्वका चुनौतीपूर्ण कार्यभार पाएका छन् ।

संघीयता, गणतन्त्र र धर्मनिरपेक्षतासहित राजनीतिक व्यवस्थालाई माओवादीसँग शत्रुतापूर्ण सम्बन्धका कारण मान्यता नदिए पनि नयाँदिल्लीले सातदलीय गठबन्धन र माओवादीको सुनियोजित फ्युजनलाई आत्मसात् भने गरेको छ । नेपालमा भएका विभिन्न राजनीतिक परिवर्तनमा पश्चिमा र युरोपेली राष्ट्रहरू शान्ति प्रक्रिया र राजनीतिक प्रणालीका सम्बन्धमा सन्तुलित थिए । ०७२ को संविधानले समावेशीकरण, संघीयता, लैंगिक समानता र नागरिकतालाई आत्मसात् गर्दै मुख्य मुद्दालाई सम्बोधन गर्ने प्रयास गरेको थियो । नागरिकताका मापदण्ड, स्थानीय शासनका प्रावधान र विशेषगरी प्रदेशका सीमाको सीमांकनका मुद्दा बेवास्तामा परे ।

अबको बाटो : गठबन्धन सरकारलाई फ्याँकी राष्ट्रिय सरकार गठन गर्ने बताएका कांग्रेस र एमालेले राजनीतिक अस्थिरता, भ्रष्टाचारको संस्थाकरण, संस्थाहरूको चरम राजनीतीकरण, विदेश नीतिमा विचलनलगायत अन्य संकटका साथ संवैधानिक कमजोरीसमेत सच्याउने अभिव्यक्ति दिएका छन् । ०७२ को संविधानलाई चीनको समर्थन छ भने भारत र युरोपेली संघ (इयू) को यसको मूल भावनाप्रति समर्थन भए पनि विशेषगरी तराई र देशका अन्य भागमा मधेशी र थारू समुदायबाट ५७ जनाको ज्यान गएको भन्दै समावेशिताबारे चासो छ । प्रदेशहरूको सीमा, प्रतिनिधित्व, निर्वाचन क्षेत्र निर्धारण र नागरिकतासम्बन्धी धारामा उनीहरूको असहमति छ ।

वर्तमान सरकार गठनसँगै संविधान संशोधन र मानव अधिकार रक्षा मुख्य मुद्दा बनेका छन् । साथै राजनीतिक प्रणाली र शासन प्रणालीमा सुधार गरी समावेशिता, राष्ट्रिय पहिचान, आर्थिक वृद्धिलाई सही सम्बोधन गर्न राष्ट्रिय सरकार गठन गरिएको भनिएको छ । आन्तरिक राजनीतिक-आर्थिक-सुरक्षा-सामाजिक-कूटनीतिक अस्तव्यस्ततामा रहेको अवस्थामा बदलिँदो विश्व व्यवस्थालाई कसरी सम्बोधन गर्ने ? भन्ने नै आधारभूत प्रश्न हो । विगत २५५ वर्षमा नेपालले कसरी काम गर्‍यो, त्यसको सिपिएपछि के-के भयो, त्योसँगै मूल्यांकन गर्न आवश्यक छ । राष्ट्रिय आवश्यकता राष्ट्रिय नीतिहरूबाट गायब छन् ।

नेपालले राजनीतिक तथा आर्थिक मोडेलमा कमजोरी रहेको कुरा गरिरहँदा यो क्षेत्र र विश्व भूराजनीतिक रूपमा थप अशान्त छ । कुल गार्हस्थ उत्पादनको वृद्धिदर सुस्त छ तर ८० लाखभन्दा बढी आप्रवासी कामदारका कारण विदेशी मुद्रा सञ्चिति भने कायम छ । स्वदेशमा आर्थिक अवसर छैन । असल राजनीतिक र असल वित्तीय प्रणालीको अभाव, समष्टिगत आर्थिक नीतिको अपर्याप्तता, अपूर्ण रणनीतिक संरचना, कमजोर प्राविधिक प्राथमिकता आदि सबै अनैतिक विकासका परिणति हुन् ।

संस्थागत भ्रष्टाचारलाई रोकथाम र सजायको विधिद्वारा सम्बोधन गर्ने अवसर छन् । जवाफदेहितालाई प्रभावकारी कार्यसम्पादनको साधनका रूपमा प्रयोग गर्न सकिन्छ । समयमै लक्ष्य पूरा गर्न र राजस्व वृद्धिका लागि जवाफदेहिता महत्वपूर्ण छ । जवाफदेहिता वृद्धि र विश्वासलाई प्रोत्साहित गर्ने मानसिकतालाई बढावा दिनु दोषारोपण होइन ।

दोस्रो हो, मेरिटोक्रेसी अर्थात् व्यावहारिकता र इमानदारीका माध्यमबाट संस्थाहरूको व्यावसायिकीकरण । प्रिन्सिपल र मोडेलले नै आज सिंगापुरलाई यहाँ ल्याइपुर्‍याएको हो । तेस्रो, नेपालको राजनीतिक प्रणाली र शासकीय प्रणालीमा परिवर्तन आएको त छ, तर राजनीतिक विश्वसनीयता, कूटनीतिक विश्वसनीयता, आर्थिक अखण्डताका दृष्टिले थप अविश्वसनीय बनेको छ । चौथो, अमेरिका र पश्चिमा मुलुक हिन्द-प्रशान्त क्षेत्रमा केन्द्रित भइरहेछन् भने चीन र भारत उत्तर-दक्षिण सहयोग र दक्षिण-दक्षिण सहयोगमार्फत राजनीतिक तथा आर्थिक हैसियत प्राप्त गरिरहेका छन् । यस्तो समयमा एक्काइसौँ शताब्दीका चुनौतीलाई सम्बोधन गर्न विदेश नीतिको पुनरावलोकन गर्नु पर्नेछ । असंलग्न आन्दोलन शीतयुद्धमा जस्तै प्रभावशाली गुटको छायामा पुगेर समाप्त हुनेछ । नेपालको कूटनीतिक खोजीले 'ग्लोबल इन्भाइरोन्मेन्ट'लाई प्राथमिकता दिनुका साथै चीनसँग सीमा जोडिएका १४ देशलाई 'शान्ति क्षेत्र/देश' वा 'सक्रिय असंलग्न नीति'का साथ लोकतान्त्रिक मूल्य-मान्यताका शक्तिहरूको सहयोगमा नेतृत्व गर्ने मोडेल प्रदर्शन गर्नुपर्छ ।

अन्त्यमा, सम्पूर्ण सामाजिक समूहसँग उनीहरूका सांस्कृतिक तथा धार्मिक अभ्याससँग विश्वास पुनर्निर्माण आवश्यक छ । दोस्रो, उत्तेजक भाषण र हिंसाबाट टाढा रहनुपर्छ । तेस्रो, संसद्मा प्रतिनिधित्व गर्ने सबै प्रतिस्पर्धीप्रति खुला दृष्टिकोण राख्नुपर्छ । नेपालको आर्थिक विकास र नेपाली निर्मित राजनीतिक एवं शासकीय प्रणालीका लागि राष्ट्रिय सरकारको खोजीमा रहेको यो बखत राजनीतिक इच्छाशक्ति र रचनात्मक कूटनीति नै सही प्रतिक्रिया हुनेछ । शत्रुतापूर्ण, सुरक्षामा आधारित राजनीतिक एवं आर्थिक सम्बन्धतर्फ लाग्नु समस्यारहित हुनेछैन । भूराजनीतिले काम गर्ने विभिन्न तौरतरिका हुन्छन्, तर हेक्का के राख्नुपर्छ भने अन्तर्राष्ट्रिय राजनीतिमा कुनै स्थायी मित्र वा शत्रु हुँदैनन्, केवल स्थायी स्वार्थ हुन्छन् । (नयाँ पत्रिका)



# दुध बिक्री-वितरणअघि परीक्षणको व्यवस्था मिलाउन माग




रूपन्देही । दुध तथा दुग्धजन्य पदार्थको खाद्य स्वच्छता र गुणस्तर वृद्धि गर्न उपभोक्तालाई बिक्री गर्नुपूर्व नै गुणस्तर परीक्षण गरेर बिक्री-वितरणको प्रबन्ध मिलाउन दुग्ध व्यवसायीले माग गरेका छन् । आफूहरूले नै न्यून गुणस्तरको दुध खरिद गर्नुपरेको बताउँदै इन्ट्री पोइन्टमै परीक्षण गर्ने र गुणस्तरहीन दुधलाई बिक्री-वितरणमा प्रतिबन्ध लगाइयो भने दुध तथा दुग्धजन्य पदार्थको गुणस्तर वृद्धि गर्न सकिने उनीहरूले बताएका हुन् ।

राष्ट्रिय खिर दिवसको अवसरमा बुटवल उद्योग वाणिज्य संघमा गरिएको दुध तथा दुग्धजन्य पदार्थको गुणस्तर र खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ को सम्बन्धमा आयोजित अभिमुखीकरण कार्यक्रममा बोल्दै दुग्ध व्यवसायीले उपभोक्तालाई बिक्री वितरण गर्नुपूर्व नै दुधको गुणस्तर परीक्षण गरेर मात्रै बिक्री-वितरणको प्रबन्ध मिलाउन स्थानीय सरकारलाई आग्रह गरेका छन् ।

कार्यक्रममा बोल्दै बुटवल उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डेयले व्यवसायी, व्यवसायी मात्रै नभएर उपभोक्ता पनि भएकाले उपभोग्य वस्तुको गुणस्तरमा स्वयं व्यवसायीले ध्यान दिनुपर्ने बताए । उनले खाद्य स्वच्छता र गुणस्तरीय वस्तुको उपलब्धतामा सबैले ध्यान दिनुपर्ने बताए ।

बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद अर्यालले उपभोक्ताले उपभोग गर्ने दुधको खाद्य स्वच्छता र गुणस्तर सुधार गर्न ऐनको प्रभावकारी कार्यान्वयनमा जोड दिए । त्यस्तै, उनले डिडिसीलगायतका दुग्धजन्य उद्योगमा रोकिएको किसानको बक्यौता चाँडो भुक्तानीको प्रबन्ध मिलाउन पनि आग्रह गरे । संघका निवर्तमान अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघका कार्यकारिणी सदस्य उज्ज्वलप्रसाद कसजूले खाद्य स्वच्छता र गुणस्तर वृद्धिका लागि एकले अर्कालाई देखाउनेभन्दा पनि सबैले आफ्नो जिम्मेवारी बोध गर्ने हो भने सुधार गर्न सकिने धारणा राखे ।

कार्यक्रममा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय भैरहवाका प्रमुख अनुप हलवाईले खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ मा रहेका प्रावधानबारे जानकारी गराएका थिए । लुम्बिनी दुग्ध विकास आयोजनाका प्रमुख योगेन्द्र शाहले दुधको स्वच्छता र गुणस्तरका विषयमा धारणा राखेका थिए ।

त्यस अवसरमा बुटवल उद्योग वाणिज्य संघ डेरी वस्तुगत समितिका सभापति कृष्णप्रसाद उपाध्यायले दुधको बिक्री-वितरण गर्ने विक्रेतालाई सम्बन्धित पालिकाले सूचीकृत गरेर बजारमा पठाउन तयार भएको दुधको स्वच्छता तथा गुणस्तर नापजाँच गरेर मात्रै बिक्री-वितरणको प्रबन्ध गर्नुपर्ने बताए । उनले दुधको स्रोतमै समस्या रहेको भन्दै स्रोतलाई नै सुधार गर्ने गरी काम गर्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा बुटवल उपमहानगरपालिका अनुगमन शाखा प्रमुख ठगीश्वर पोखरेल, उपभोक्ता हित संरक्षण मञ्च रूपन्देहीका अध्यक्ष समुद्र जिसी, संघका वरिष्ठ उपाध्यक्ष टंकप्रसाद गैरे, सचिव प्रतीक पोखरेललगायतले दुध तथा दुग्धजन्य पदार्थको स्वच्छता र गुणस्तरबारे धारणा राखेका थिए ।

# साढे १५ अर्बको बचतपत्र आह्वान गर्दा ७६ करोडको मात्रै बिक्री

काठमाडौं । रेमिट्यान्सलाई बैकिङ प्रणालीबाट भित्र्याउने तथा सरकारको आन्तरिक ऋण परिचालनमा योगदान पुऱ्याउने उद्देश्यसहित सुरू गरिएको वैदेशिक रोजगार बचतपत्र अपेक्षाकृत बिक्री हुन सकेको छैन । राष्ट्र बैंकको मौद्रिक व्यवस्थापन विभागले सोमबार सार्वजनिक गरेको अध्ययन प्रतिवेदनले नीतिगत कमजोरी, प्रक्रियागत झन्झट, प्रचारप्रसारको अभावलगायत कारणले वैदेशिक बचतपत्रमा आकर्षण नदेखिएको औँल्याएको छ ।

देशमा भित्रिने विदेशी मुद्राको प्रमुख स्रोत रेमिट्यान्स हो । तर, सरकारले उठाउने आन्तरिक ऋणमा वैदेशिक रोजगार बचतपत्रको हिस्सा भने नगण्य । आर्थिक वर्ष ०६६/६७ देखि ०७९/८० सम्म २५ पटक गरी जम्मा १५ अर्ब ५६ करोड वैदेशिक रोजगार बचतपत्र आह्वान भएको थियो । तर, यसबीच ७६ करोड २३ लाख (४९ प्रतिशत) मात्र बिक्री भएको छ । विगत १० वर्षमा कुल आन्तरिक ऋणमा वैदेशिक रोजगार बचतपत्रको योगदान औसत ०.०६ प्रतिशत मात्र रहेको छ । वैदेशिक रोजगार बचतपत्रबाट हुने लाभबारे अधिकांश श्रमिकहरू जानकार नभएको प्रतिवेदनले देखाएको छ । अध्ययनका क्रममा सञ्चालन गरिएको सर्वेक्षणमा ३९.५ प्रतिशतले बचतपत्रबारे पर्याप्त जानकारी नपाएको उल्लेख छ । २७ प्रतिशतले खरिद प्रक्रिया झन्झटिलो भएको, १२५ प्रतिशतले रकमको अभाव रहेको र २१ प्रतिशतले प्रमाणपत्र सजिलै प्राप्त नहुने र ब्याज प्राप्त गर्न धाउनुपर्ने कारण उल्लेख गरेका छन् ।




वैदेशिक रोजगार बचतपत्रको बिक्री एजेन्टका १६ प्रतिनिधिसँग गरिएको इमेल सर्वेक्षणअनुसार ६२.५ प्रतिशतले रोजगारीमा रहेका नेपालीले वैदेशिक रोजगार बचतपत्रका बारेमा सोधखोज गरेको पाइएको छ । तर, खरिदमा तत्परता नदेखाउने गरेको प्रतिवेदनमा उल्लेख छ । त्यसैगरी, काठमाडौंस्थित विभिन्न ७० म्यानपावर कम्पनीका सञ्चालक वा प्रतिनिधिसँग गरिएको टेलिफोन सर्वेक्षणअनुसार २४.३ प्रतिशतले वैदेशिक रोजगार बचतपत्रका बारेमा जानकारी भएको र १२.८ प्रतिशतले सोधपुछ गर्ने गरेको बताएका छन् ।

सरकारले गर्ने आन्तरिक ऋण परिचालनमा ट्रेजरी बिल्स, विकास ऋणपत्र, नागरिक बचतपत्र र वैदेशिक रोजगार बचतपत्र उपयोगमा ल्याइएको छ । आन्तरिक ऋण परिचालनका यी उपकरणहरूमध्ये आर्थिक वर्ष ०६६/६७ देखि आह्वान हुन थालेको वैदेशिक रोजगार बचतपत्र तुलनात्मक रूपले नयाँ उपकरण हो । गैरआवासीय नेपाली नागरिक एवं वैदेशिक रोजगारीमा रहेका वा फर्किएको ६ महिनाभित्र नेपाली नागरिक र निजका एकाघर परिवारकाले यो उपकरणमा लगानी गर्न पाउने व्यवस्था छ । वैदेशिक रोजगार बचतपत्र आह्वान हुन थालेको करिब डेढ दशक भए तापनि यसबाट अपेक्षित मात्रामा आन्तरिक ऋण परिचालन हुन सकेको प्रतिवेदनले जनाएको छ । वैदेशिक रोजगार बचतपत्रको अभौतिकीकरण गर्नुका साथै परिपक्व भएको साँवा र ब्याज खरिदकर्ताको बैंक खातामा प्राप्त हुने व्यवस्था मिलाउनुपर्ने सुझाव प्रतिवेदनले दिएको छ । त्यस्तै, वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकले विदेशस्थित विदेशी मुद्राको बैंक खाताबाट समेत खरिद गर्न पाउने व्यवस्था मिलाउन भनिएको छ । यद्यपि, कतिपय मुलुकहरूको कानुनले यस्तो बन्देज लगाएको सन्दर्भमा श्रम सम्झौतामा समावेश गरी लगानी गर्न सक्ने व्यवस्था मिलाउन पहल गर्नुपर्ने सुझावमा उल्लेख छ ।

त्यस्तै, सरकारले नागरिक बचतपत्र र वैदेशिक रोजगार बचपतत्र छुट्टाछुट्टै निकाल्नुभन्दा एकै प्रकारको बचतपत्रको व्यवस्था गर्ने, तर गैरआवासीय नेपाली र वैदेशिक रोजगारमा रहेका नेपालीलाई बचतपत्र खरिदमा विनिमयदरमार्फत सहुलियत दिनुपर्ने प्रतिवेदनको सुझावमा उल्लेख छ । सरकारले बजेट घाटा परिपूर्तिका लागि बचतपत्र निष्कासन गर्ने प्रचलन रहेकोमा आगामी वर्षहरूमा मुलुकको सर्वाधिक महत्वका पूर्वाधार आयोजनालक्षित वित्तीय साधन जुटाउन बचतपत्र निष्कासन गर्नुपर्ने भनिएको छ ।

बचतपत्रको आर्जित ब्याज र परिपक्व भएको साँवा बचतपत्रधनीको बैंक खातामा सोझै उपलब्ध हुने व्यवस्था मिलाउन प्रतिवेदनमा भनिएको छ । बचतपत्रको प्रमाणपत्र तत्काल उपलब्ध हुने वा अनलाइनमार्फत प्राप्त हुने व्यवस्था मिलाउन र हाल बचतपत्र वर्षको एकपटक छोटो अवधिका लागि मात्र आह्वान हुने गरेकोमा आर्थिक वर्षको सुरुमा निष्कासन गर्ने र आह्वान रकम बिक्री नभएसम्म खुला रहने व्यवस्था मिलाउनुपर्ने सुझावमा उल्लेख छ ।

खेलकुद

# ओलम्पिकमा रेकर्ड सुधार गर्दै एलेक्जेन्डर बाहिरिए




नेपाली पौडीबाज एलेक्जेन्डर शाहले पेरिस ओलम्पिक २०२४ मा मंगलबार बिहान सय मिटर पुरुष फ्रिस्टायलमा नयाँ राष्ट्रिय कीर्तिमान राखेका छन् । पेरिस ला डिफेन्स एरिनामा एलेकजेन्डरले निर्धारित दूरी ५१.९१ सेकेन्डमा पूरा गर्दै आफ्नै नाममा रहेको ५२.१७ सेकेन्डको राष्ट्रिय कीर्तिमानमा सुधार गरेका हुन् । सन् २०२४ मै उनले कतारको दोहामा भएको विश्व एक्वेस्टिक च्याम्पियनसिपमा ५२.१७ को रेकर्ड बनाएका थिए । पेरिसमा एलेक्जेन्डरले तेस्रो हिटमा पहिलो लेनमा रहँदै प्रतिस्पर्धा गरेका थिए । उनी सहभागी आठ प्रतिस्पर्धीमध्ये हिटमा तेस्रो भएका छन् ।

समग्रमा उनी ५९औं स्थानमा रहे । १० चरणको हिटमा ७९ खेलाडीले प्रतिस्पर्धा गरेका थिए । हिट चरणमा शीर्ष १६ स्थानमा रहेका पौडीबाजले सेमिफाइनलमा स्थान पक्का गरेका छन् । पेरिस ओलम्पिकमा राष्ट्रिय कीर्तिमान सुधार गरेका एलेक्जेन्डरले खुसी जनाएका छन् । 'ओलम्पिकमा लगातार सहभागी हुन पाउनु नै खुसीको पक्ष हो । अझ त्यसमाथि आफ्नै नाममा रहेको रेकर्ड तोड्न पाउँदा अत्यधिक खुसी लागेको छ,' मिक्स जोनमा नेपाली मिडियाकर्मीसँग उनले भने ।

सन् १९९६ मा अमेरिकाको एटलान्टा ओलम्पिक (२६औं संस्करण) देखि मात्र नेपाली पौडीबाज सहभागी भएका हुन् । यो अवधिमा १४ पौडी खेलाडीले लगातार नेपालको चुनौती ओलम्पिकमा प्रस्तुत गरिसकेका छन् । हालसम्म पुरुष र महिलामा समान सात खेलाडीले भाग लिएका छन् । सन् २०१६ को ३१औं संस्करणको रियो ओलम्पिकमा गौरिका सिंह सहभागीमध्ये सबैभन्दा कान्छी खेलाडी बनेकी थिइन् ।

अमेरिकामा प्रशिक्षण तथा अध्ययन गरिरहेका एलेक्जेन्डरको यो दोस्रो ओलम्पिक सहभागिता हो । सन् २०२० को टोकियो ओलम्पिक उनको पहिलो सहभागी थियो । नेपाली चर्चित पौडीबाज सोफियाका सहोदर भाइ एलेक्जेन्डर ५० मिटर फ्रिस्टायलका पनि कीर्तिमान खेलाडी हुन् । उनले यस विधामा २३.७९ सेकेन्डको राष्ट्रिय कीर्तिमान राखेका छन् । २५ मिटर लम्बाइको पौडी पोखरीमा हुने प्रतिस्पर्धा सट कोर्समा उनकै नाममा चार राष्ट्रिय कीर्तिमान छन् । उनले ५० र सय मिटर फ्रिस्टायलसँगै ब्याकस्ट्रोकमा गरी चार-चार वटा राष्ट्रिय कीर्तिमान राखेका थिए । यी सबै रेकर्ड उनले सन् २०१९ मा काठमाडौंमा भएको १३औं दक्षिण एसियाली खेलकुद (साग)मा बनाएका थिए ।

टोकियो ओलम्पिकमा एलेक्जेन्डरले उद्घाटन समारोहको मार्च पास्टमा गौरिका सिंहसँगै राष्ट्रिय झन्डा बोकेका थिए । पौडीमा एलेक्जेन्डरसहित दुई ओलम्पिक खेल्ने तीन खेलाडी छन् । तीनजना पौडीबाजले लगातार ओलम्पिक खेलेका छन् । प्रसिद्धजंग शाहले २००८ को बेइजिङ र २०१२ को लन्डन ओलम्पिक खेलेका थिए । गौरिकाले २०१६ को रियो तथा २०२० को टोकियो ओलम्पिकमा नेपालको प्रतिनिधित्व गरेकी थिइन् । नेपालबाट सर्वाधिक ओलम्पिक खेल्ने खेलाडी धावक वैकुण्ठ मानन्धर हुन् । उनले नेपालको प्रतिनिधित्व गर्दै १९७२ देखि १९८४ को अवधिमा चार ओलम्पिक लगातार खेलेका थिए ।

एलेक्जेन्डरले अन्तर्राष्ट्रिय पौडीमा डेब्यु दक्षिण कोरियाको ग्वाङजुमा गरेका थिए । ग्वाङजुमा सन् २०१९ मा भएको विश्व पौडी च्याम्पियनसिपमा 'डेब्यु' गरेका उनले ५० र सय मिटर फ्रिस्टायलमा प्रतिस्पर्धा गरेका थिए । उनले अमेरिकामै पेरिस ओलम्पिकको तयारी गरेका हुन् । उनी सीधै अमेरिकाबाट पेरिस ओलम्पिकमा सहभागी हुन आएका हुन् । पेरिसबाटै न्युयोर्क जाने उनले जानकारी दिए । न्युयोर्कस्थित फोर्डम विश्वविद्यालयमा साइकोलोजी अध्ययन गरिरहेका २१ वर्षीय एलेक्जेन्डरले गत वर्ष चीनको हाङ्झाउमा भएको १९औं एसियाली खेलकुदसँगै तीन विश्व च्याम्पियनसिप खेलेको अनुभव छ ।

# प्रिन्स अन्तिम खेलमा पनि पराजित

नेपाली ब्याडमिन्टन खेलाडी प्रिन्स दाहाल पेरिस ओलम्पिकको समूह चरणका तीनै खेलमा पराजित भएका छन् । उनी बुधबार फ्रान्समा भएको समूह 'पी'को अन्तिम खेलमा इजरायलका मिसा गिल्बरम्यानसँग २-० को सेटमा पराजित भए। प्रिन्स २१-१२, २१-१० ले पराजित भएका हुन् ।

यसअघि प्रिन्सले डेनमार्कका भिक्टर एक्सेल्सन र आयरल्यान्डका नाट गुयेनकासँग समान २-० सेटको हार व्यहोरेका थिए। प्रिन्सले युनिभर्सालिटी कोटाबाट ओलम्पिक खेल्ने अवसर पाएका हुन् ।

प्रिन्ससँगै ६ नेपाली खेलाडी एकै खेल नजितेर घर फर्किएका छन्। टेबलटेनिसका स्यान्टु श्रेष्ठ, सुटिङकी सुस्मिता नेपाल, पौडीकी डुवाना लामा र जुडोकी मनिता श्रेष्ठ प्रधान ओलम्पिकबाट बाहिरिसकेका छन् ।

अब, एथलेटिक्सकी सन्तोषी श्रेष्ठले प्रतिस्पर्धा गर्न बाँकी छ ।

## कर्पोरेट

## ● धनकुटामा पहिलोपटक प्रभु बैंकको शाखा

प्रभु बैंकले धनकुटामा ३१०औँ शाखा सञ्चालनमा ल्याएको छ । बैंकले एक कार्यक्रमबीच धनकुटामा पहिलोपटक शाखा विस्तार गरेको हो । शाखाको धनकुटा नगरपालिकाका मेयर चिन्तन तामाङले उद्घाटन गरेका हुन् । उद्घाटन गर्दै नगरप्रमुख तामाङले यस बैंकको विस्तारसँगै धनकुटा नगरवासीलाई बैंकिङ सेवा लिन सहज भएको बताए । धनकुटासँगै तेह्रथुम बजारको म्याङ्लुङमा पनि ३०९औँ शाखा स्थापना गरिएको छ ।

यी दुईसहित कोशी प्रदेशमा मात्र ३८ वटा शाखा सञ्चालनमा आएको बैंकका कोशी प्रदेश प्रमुख बद्रीकुमार कटुवालले जानकारी दिए । बैंकलाई हरेक जिल्लामा पुऱ्याउने र त्यस स्थानको आर्थिक गतिविधि चलायमान बनाउने लक्ष्य बैंकले राखेको छ ।

## ● 'बिज सधैँ अन' ग्राहकका लागि एनसेलले ल्यायो 'लायन्सगेट प्ले'

एनसेलले 'सधैँ अन'प्रतिको प्रतिबद्धताबमोजिम 'बिज सधैँ अन'का ग्राहकलाई गुणस्तरीय कन्टेन्ट प्रदान गर्नका लागि लायन्सगेट प्लेसँग सहकार्यको थालनी गरेको छ । लायन्सगेट प्ले लायन्सगेट इन्डिया र स्टार्जबाट पाइने एक प्रिमियम स्ट्रिमिङ सेवा हो । यस प्लेटफर्ममा दर्शकलाई बाँधिराख्ने खालका फ्रान्चाइजी, प्रिमियरलगायता थुप्रै प्रिमियम कन्टेन्टको ठूलो लाइब्रेरी रहेको बताइएको छ ।

यस सहकार्यको उद्देश्य 'बिज सधैँ अन'का ग्राहकलाई विशेष सामग्री पहुँच दिई उनीहरूको अनुभव अभिवृद्धि गर्दै ग्राहक संलग्नता र सन्तुष्टि बढाउनु रहेको कम्पनीले जनाएको छ । 'लायन्सगेट प्ले हाम्रा 'बिज सधैँ अन'का ग्राहकका लागि एकदमै विशेष अफर हो । एक प्रकारले यो एक विशेष टिकट नै हो, जसले हाम्रा ग्राहकलाई विश्वको अग्रणी पब्लिकल्ली ट्रेडेड कन्टेन्ट कम्पनीमध्येको एक लायन्सगेटको बृहत् संग्रहमा पहुँच दिन्छ,' एनसेलका हेड अफ बिजनेस सोलुसन्स रञ्जन शर्माले भने, 'स्ट्रिमिङ पार्टनरका रूपमा लायन्सगेटसँग सहकार्य सुरू भएपछि हालसम्म हामीले हाम्रा बिज सधैँ अनका ग्राहकबाट यस प्लेटफर्मका बारेमा धेरै नै सकारात्मक प्रतिक्रिया प्राप्त गरेका छौँ ।'

लायन्सगेट प्लेले विभिन्न विधामा थुप्रै प्रकारका स्वाद र प्राथमिकताका सामग्रीमा पहुँच प्रदान गर्छ । यसमा हलिउडका हिट फिल्मदेखि लिएर, टिभी सो, लायन्सगेट ब्यानरमा बनेका ओरिजिनल कन्टेन्टहरू, वृत्तचित्र, बालबालिका र पारिवारिक सामग्री तथा अन्तर्राष्ट्रिय चलचित्र रहेका छन् ।

## ● हिमालयन बैंकको बनेपा शाखा स्थानान्तरण

हिमालयन बैंकले बनेपा शाखा स्थानान्तरण गरेको छ । बैंकले सिभिल बैंकलाई प्राप्ति गरेपछि नजिक भएका शाखा सञ्जालमध्ये बनेपा शाखा–२ लाई स्थानान्तरण गरी पनौती बसपार्क–७, काभ्रेमा पनौती शाखाको नामबाट शाखा सञ्चालनमा ल्याएको हो ।

उक्त शाखाको शुभारम्भ बैंकका प्रमुख कार्यकारी अधिकृत अशोकशमशेर राणाले गरे । बैंकले देशका एक सय ७४ शाखा कार्यालय, २० विस्तारित काउन्टर, दुई सय ६४ एटिएमबाट सेवा प्रदान गर्दै आइरहेको छ ।

## ● नबिलको 'नबिल दिगो पाइला' वाकाथन

नबिल बैंकले 'नबिल दिगो पाइला' वाकाथन सम्पन्न गरेको छ । दिगो भविष्यको प्रतिबद्धतासहित जनचेतना जगाउने उद्देश्यले बैंकले देशव्यापी रूपमा वाकाथन गरेको हो । आफ्नो स्थापनाको ४०औँ वार्षिकोत्सवको अवसर पारी बैंकले हालसम्म प्राप्त गरेका उपलब्धिलाई संस्थागत गर्दै दिगो भविष्यप्रति प्रतिबद्धताका लागि वाकाथनमार्फत देशव्यापी रूपमा ऐक्यबद्धता जनाएको हो । सोही क्रममा बैंकको गण्डकी प्रदेश कार्यालयको समेत पोखरामा 'नबिल दिगो पाइला' वाकाथन कार्यक्रम सम्पन्न गरेको बैंकका गण्डकी प्रदेश प्रमुख हरि ढकालले जानकारी दिए ।

बैंकको लेकसाइड शाखाबाट सुरू भएको वाकाथन वाराही मन्दिर गेट, फेवा फुट ट्र्याक हुँदै विभिन्न स्थानको परिक्रमापछि पुनः बैंकको शाखामा पुगेर समापन भएको थियो । कार्यक्रममा बैंकको पोखरास्थित कार्यालयका कर्मचारीहरूको सहभागिता रहेको थियो ।

## ● एनआइसी एसिया क्यापिटलको खुद नाफा १२ करोड

एनआइसी एसिया क्यापिटलले गत आर्थिक वर्ष ०८०/८१ मा १२ करोड १० लाख खुद नाफा आर्जन गरेको छ । कम्पनीले देशको अर्थतन्त्र सुस्त भइरहेको समयमा पनि आफ्नो समग्र व्यवसायमा उत्साहजनक वृद्धि गर्न सफल भएको जनाएको छ । समीक्षा अवधिको नाफा अघिल्लो आवको तुलनामा १६.१२ प्रतिशतले बढी हो । कम्पनीको चुक्ता पुँजी २० करोड रूपैयाँ छ भने प्रतिसेयर आम्दानी ६०.५० रूपैयाँ कायम छ । कम्पनीले गत आवको असार मसान्तसम्म एनआइसी एसिया बैंक म्युचुअल फन्डअन्तर्गत पाँचवटा बन्दमुखी र एउटा खुलामुखी योजना गरी जम्मा ६ वटा योजना सञ्चालन गरिरहेको छ । सञ्चालनमा आएको पहिलो वर्षदेखि नै उत्साहजनक लाभांश वितरणसमेत गरेको जनाएको छ ।

साथै, कम्पनीले संस्थागत परामर्श सेवाअन्तर्गत 'आइडिया टु आइपिओ' सेवासमेत सञ्चालन गरिरहेको छ । जसअन्तर्गत गत आवको अन्त्यसम्म विभिन्न २८ वटा कम्पनीसँग दुई पक्षीय सम्झौता सम्पन्न भई कार्य गरिरहेको छ ।

## ● मुक्तिनाथ विकास बैंकको स्वतन्त्र सञ्चालकमा उमेशकुमार आचार्य नियुक्त

मुक्तिनाथ विकास बैंक लिमिटेडको सञ्चालक समितिले बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा १४(३) बमोजिम उमेशकुमार आचार्यलाई बैंकको स्वतन्त्र सञ्चालकमा नियुक्त गरेको छ ।

करिब २० वर्षभन्दा बढी समय बैंकिङ क्षेत्रमा बिताएका आचार्यले तत्कालीन कामना विकास बैंकसहित विभिन्न वित्तीय संस्थामा १३ वर्ष प्रमुख कार्यकारी अधिकृतको रूपमा काम गरेका थिए । नेपालमा एक बैंकिङ विज्ञको रूपमा परिचित उनी विभिन्न निकायहरूमा नीतिगत परामर्शदाताको रूपमा समेत काम गर्दै आएका छन् ।

'नेपालमै टिक्न, सजिलो छ' भन्ने नाराको साथ साना व्यापार तथा व्यवसायलाई प्रोत्साहन गर्न मुक्तिनाथ सरल कर्जा योजनाहरू ल्याएको बैंकले जनाएको छ । बैंकले डिजिटल कारोबारलाई प्रोत्साहन गर्न प्रिपेड डलर कार्ड, मोबाइल बैंकिङ, क्युआर कोड, अनलाइन कर्जा आवेदन, अनलाइन खाता खोल्ने, इन्टरनेट बैंकिङ, खातामै रेमिट्यान्स जम्मा तथा मिस्डकल बैंकिङ (बचत सेवाको लागि ९८०१११००२२, कर्जा सेवाको लागि ९८०१११००२३) आदि जस्ता सेवा बैंकको शाखामा भौतिक रूपमा उपस्थित नभई घरबाटै उपयोग गर्न सकिने व्यवस्था गरेको छ ।

## ● नबिल बैंक र एनसेलबीच डिजिटल कारोबार सम्झौता

नबिल बैंक र एनसेलबीच डिजिटल कारोबार सेवा प्रदान गर्न सम्झौता भएको छ । सम्झौतासँगै अब एनसेलका बी–टु–बी तथा बी–टु–सी ग्राहकले सिम र डाटा खरिद गर्दा भिसा र मास्टर कार्ड प्रयोग गरी नबिल बैंकको पेमेन्ट गेटवेमार्फत रियल टाइम पेमेन्टको सुविधा पाउनेछन् ।नबिल बैंकका एप प्रयोगकर्ताले पनि एन बैंक एपमार्फत एनसेलका सेवा खरिद गर्न सक्नेछन् । नबिल बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्रप्रसाद ढुंगानाले र एनसेलका तर्फबाट प्रमुख कार्यकारी अधिकृत जाब्बोर कायुमोभले सम्झौतापत्रमा हस्ताक्षर गरेका थिए ।

नबिल बैंकका सिइओ ढुंगानाले यो सम्झौताले नेपालको डिजिटल यात्रामा महत्त्वपूर्ण योगदान पुग्ने बताए । उनले दुई संस्थाबीचको यो सहकार्यबाट ग्राहकले विशेष लाभ पाउने बताए । एनसेलका सिइओ कायुमोभले नबिल र एनसेलको सुमधुर सम्बन्धको प्रशंसा गर्दै आगामी दिनमा यस सुविधालाई थप परिष्कृत गर्ने बताए ।

अब एनसेलका ग्राहकले नबिलको पिओएस, पेमेन्ट गेटवे र एन–बैंक गरी तीनवटै पेमेन्ट प्लेटफर्म प्रयोग गर्न सक्नेछन् ।

## ● लक्ष्मी सनराइज बैंकको ब्रान्ड फिल्म सार्वजनिक

लक्ष्मी सनराइज बैंकले आफ्नो नयाँ ब्रान्ड फिल्म 'हाम्रो बचतको सम्मान र सही लगानी' सार्वजनिक गरेको छ । दुई मिनेट २० सेकेन्डको सर्ट फिल्मले बैंकमा जम्मा हुने हरेक सानादेखि ठूला बचतले कसरी देशको उज्ज्वल भविष्यमा योगदान पुऱ्याउँछ भन्ने कुरा भावनात्मक रूपमा दर्शाएको छ ।

फिल्मको पहिलो दृश्यमा एक बालिका आफ्नी आमाबाट बचत गर्न प्रेरित भएकी देख्न सकिन्छ । उनले जम्मा गरेजस्तै ससाना बचत मिसिएर जलविद्युतजस्ता ठूला परियोजनामा लगानी भई कुनै दुर्गम क्षेत्रमा एक विद्यार्थीले बिजुलीको प्रकाशमुनि पढ्न पाउँछ । बैंकमा गरिएको बचतले कसरी परिवार, व्यवसाय र समग्रमा समुदायलाई सशक्त बनाउँदै साझा समृद्धितर्फ अघि बढाउँछ भनेर यस दृश्यले देखाएको छ ।

बैंकमा विश्वासका साथ जम्मा भएको रकम बैंकले ठूला परियोजना मात्र नभई साना परियोजनाहरूलाई पनि प्राथमिकता दिँदै विभिन्न कर्जाहरू प्रवाह गर्दछ । यस्ता कर्जाहरूले कुनै किसानको बाली फस्टाएको, कुनै उद्यमीको व्यवसाय सफल भएको तथा कुनै इलमीको नयाँ उद्यमको सुरूवातका कथाहरू पनि यस फिल्ममा समेटिएको छ । यस फिल्ममार्फत बैंकमा बचत गर्न किन जरूरी छ ? बैंकमा गरिएको बचत कहाँकहाँ प्रयोग हुन्छ र यसले देश विकास तथा उद्यमीहरूको प्रवर्द्धनमा कस्तो र कसरी भूमिका खेल्दछ भन्ने देखाइएको बैंकले जनाएको छ । बचत गर्ने बैंकका ग्राहकहरू नै देशको समृद्धिको सारथि भएको कुरा प्रतीत गराइएको छ ।

## ● विद्यार्थी पोसाकका लागि एसबिआईको एक लाख सहयोग

नेपाल एसबिआई बैंकले धनगढीका सामुदायिक विद्यालयका छात्रालाई पोसाक उपलब्ध गराउन एक लाख पाँच हजार रूपैयाँ सहयोग गरेको छ । बैंकले सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत धनगढीको मेयर शैक्षिक विकास कोषमा सो आर्थिक सहयोग गरेको हो ।

कार्यक्रममा बैंकका धनगढी शाखा प्रबन्धक, विजय महर्जनले धनगढी उपमहानगरपालिकाका मेयर गोपाल हमाललाई औपचारिक रूपमा सहयोग रकम हस्तान्तरण गरे । हस्तान्तरण कार्यक्रममा बैंकका सुदूरपश्चिम प्रदेश प्रमुख सन्तोषकुमार भण्डारीलगायत पदाधिकारीको उपस्थिति थियो ।

बैंकले दिगो विकास हासिल गरी सबैका लागि समावेशी र गुणस्तरीय शिक्षाको प्रवर्द्धन गर्ने उद्देश्यका साथ शिक्षा क्षेत्रमा विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

## ● हिरो एक्सचेन्ज र इभल्भ सोरुम एक्सचेन्ज हुँदै

हिरो मोटोकर्पका आधिकारिक विक्रेता सिजी मोटर्सले 'हिरो एक्सचेन्ज' र 'इभल्भ सोरूम एक्सचेन्ज' आयोजना गरेको छ । अफर १३ देखि १८ साउसम्म चल्नेछ । बनेपा, दुलेगौँडा, गौशल, धनुषाधम, महेन्द्रनगर इस्ट, सुरूंगा, भैरहवा, नेपालगन्ज, महेन्द्रनगरमा यो अफर चल्ने कम्पनीले जनाएको छ । यस मेलामा ग्राहकले कुनै पनि ब्रान्डका मोटरसाइकल एक्सचेन्ज गर्दा बजार मूल्यांकनभन्दा आठ हजारभन्दा बढी मूल्यांकन पाउने आयोजकले जनाएको छ ।साथै, एक्सचेन्ज अफरमा सात हजार रूपैयाँसम्मको नगद छुट तथा निःशुल्क हेल्मेट पनि वितरण गरिने बताइएको छ । साथै, ग्राहकले हिरो एक्स पल्स, सुपर स्प्लेन्डर, स्प्लेन्डर प्लस, र जुमका दुईपांग्रे सवारी लिन सक्नेछन् ।

सिजी मोटर्सले हाल नेपालका विभिन्न स्थानमा ५० भन्दा बढीको सोरूमको नेटवर्क सञ्चालन गरिरहेको छ । यसबाहेक सिजी मोटर्सले बढ्दो ग्राहकको संख्यालाई ध्यानमा राख्दै नेपालभर सेल्स, सर्भिस तथा स्पेयर पार्टस् नेटवर्कलाई पनि द्रुत गतिमा विस्तार गरिरहेको जनाएको छ ।

## ● वर्ल्डलिंकले ल्यायो दुईमा चार अफर

वर्ल्डलिंक कम्युनिकेसनले दुईमा चार अफर ल्याएको छ । एकैपल्ट दुई वर्षको पैसा तिर्दा वर्ल्डलिंकको २०० एमबिपिएस गतिको इन्टरनेट मासिक सात सय ५० रूपैयाँमै पाउन सकिने भएको छ । कम्पनीले नियमित नयाँ तथा पुराना ग्राहकका लागि आकर्षक अफरसहित मूल्यसमेत सस्तो पर्ने दुईमा चार अफर ल्याएको जनाएको छ ।

कम्पनीको यो अफरमा सहभागी हुने ग्राहकले इन्टरनेटको नियमित प्याकेजमा २० प्रतिशत छुट पाउनुका साथै नोकिया डुअल ब्यान्ड राउटर, दुईवटा नोकिया बिकन १.१ र नेटटिभी एन्ड्रोइड सेटटप बक्ससमेत सित्तैमा पाउन सक्नेछन् । यसका लागि ग्राहकले भ्याटबाहेक १७ हजार नौ सय ९० रूपैयाँ तिर्नुपर्नेछ । यसैगरी, २५० एमबिपिएस र ३०० एमबिपिएस गतिको इन्टरनेटका लागि समेत कम्पनीले २४ महिने प्याकेज ल्याएको छ । जसको मूल्य क्रमशः १९ हजार चार सय ९० रूपैयाँ र २२ हजार दुई सय ९० रूपैयाँ राखिएको छ । यद्यपि, २००, २५० र ३०० एमबिपिएस गतिका प्याकेज रोजाइअनुसार तीन, ६ वा १२ महिनाको लिन सकिनेछ ।

## ● सिद्धार्थ बैंकका ग्राहकलाई दुसित प्रिन्सेस काठमाडौंमा विशेष छुट

सिद्धार्थ बैंक र दुसित प्रिन्सेस काठमाडौंबीच बैंकका ग्राहकलाई विभिन्न सेवामा छुट प्रदान गर्नेसम्बन्धी सम्झौता भएको छ । सम्झौताअनुसार बैंकका ग्राहकले लाजिम्पाटस्थित दुसित प्रिन्सेसमा बैंकको कार्ड, मोबाइल बैंकिङ तथा इन्टरनेट बैंकिङ सेवाबाट भुक्तानी गर्दा फुड, बेभरेज र लजिङमा १५ प्रतिशतसम्म छुट प्राप्त गर्न सक्नेछन् । यस सम्झौताले ग्राहकहरूलाई छुटको सुविधा उपलब्ध गराउनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारमा जान पनि उत्प्रेरित गर्ने विश्वास लिएको बैंकले जनाएको छ ।

## ● ज्योति विकास बैंकद्वारा 'ज्योतिज् गट ट्यालेन्ट' आयोजना

ज्योति विकास बैंक लिमिटेडले 'ज्योतिज् गट ट्यालेन्ट'को पहिलो संस्करण आयोजना गरेको छ ।

रचनात्मकता र सिर्जनात्मकताको अनन्त सम्भावनाहरूलाई उजागर गर्ने तथा प्रतिभालाई सम्मान गर्ने उद्देश्यले बैंकका देशभरिका शाखा कार्यालय तथा केन्द्रीय कार्यालयका कर्मचारीका साथै कर्मचारीका परिवारका बालबालिकाहरूको सहभागितामा बैंकको १६औँ वार्षिकोत्सवको अवसरमा उक्त कार्यक्रम आयोजना गरिएको हो ।

'ज्योतिज् गट ट्यालेन्ट'मा कर्मचारीहरूका लागि नृत्य, संगीत, हास्यव्यंग्य, चित्रकला र कविता गरी पाँच विधा राखिएको थियो भने बालबालिकाहरूका लागि नृत्य, संगीत, हास्यव्यंग्य, चित्रकला, जादु, हस्तलेखन र कविता गरी सात विधा समावेश गरिएको थियो । जसमा प्रतियोगीहरूको सक्रिय सहभागिता रहेको थियो ।

उक्त खुला आन्तरिक प्रतिस्पर्धात्मक प्रतियोगिताका विजेताहरू २०८१ साउन ९ गते बुधबार बैंकको १६औँ वार्षिकोत्सव समारोहको अवसरमा घोषणा गरिएको थियो । विजेतालाई बैंकका अध्यक्ष हरिचन्द्र खड्का र प्रमुख कार्यकारी अधिकृत कपिल ढकालले बधाई ज्ञापन गरेका थिए ।

## ● बिवाइडीको 'बिल्डिङ ड्रिम्स एन्ड फरेस्ट' अभियान

बिवाइडी अटोको नेपालका लागि आधिकारिक वितरक साइमेक्स इंक प्रालिले काठमाडौंको कालीमाटीस्थित दुई पकेट फरेस्टमा पाँच सय ५० वृक्षारोपण गरेको छ । कम्पनीले 'बिल्डिङ ड्रिम्स एन्ड फरेस्ट'अन्तर्गत द हिडन ट्रेजर, रिभोलुसन प्रोजेक्ट र काठमाडौं महानगरपालि–१३ सँगको सहकार्यमा सो वृक्षारोपण अभियान सम्पन्न गरेको हो । सो कार्यक्रममा मिस नेपाल २०२४ का प्रतियोगीले समेत सहभागिता जनाएका थिए । यसले वातावरणीय परिवर्तनका लागि सामुदायिक साझेदारीको शक्तिलाई संकेत गरेको कम्पनीको भनाइ छ । नयाँ पकेट फरेस्टमा रोपिएका बिरूवाको वृद्धि र दिगोपनाका लागि कम्पनीले तीन वर्षसम्म हेरचाह र सम्भार गरिनेछ । प्रदूषणले आक्रान्त बनेको काठमाडौं उपत्यकामा हरित र स्वस्थकर सहरी वातावरण निर्माण गर्नमा साइमेक्सको प्रतिबद्धतालाई यसले जोड दिन्छ ।

यसबाट पाँच वर्षपछि दुई सय ९५ टन अक्सिजन उत्पादन हुनेछ भने एक सय ११ टन कार्बन स्टोर हुनेछ । त्यसैगरी, १० वर्षपछि पाँच सय ९१ टन अक्सिजन उत्पादन हुने र दुई सय २२ टन कार्बन स्टोर हुनेछ भने २० वर्षपछि एक हजार एक सय ८२ टन अक्सिजन उत्पादन हुने र चार सय ४३ टन कार्बन स्टोर हुने कम्पनीले जनाएको छ । 'बिल्डिङ ड्रिम्स एन्ड फरेस्ट अभियानअन्तर्गत कालीमाटीमा पाँच सय ५० वृक्षारोपण गरेका छौँ,' साइमेक्स इंकका चिफ मार्केटिङ अफिसर समीर श्रेष्ठले भने, 'यो पहल वातावरणीय दिगोपना र सामुदायिक संलग्नतामा हाम्रो समर्पणको प्रमाण हो ।'

'बिल्डिङ ड्रिम्स एन्ड फरेस्ट' अभियानले विशेषतः सहरी क्षेत्रमा हरियाली निर्माण गर्न र वातावरणीय दिगोपनाका लागि योगदान गर्ने लक्ष्य लिएको छ ।

## विधिको...

व्यक्ति रोज राणालाई समेत मन्त्री बनाइएको छ भने गण्डकी प्रदेशमा दिपक मनाङ्गे (राजिव गुरूङ)लाई समेत मन्त्री बनाइएको छ । त्यसैगरी बागमति प्रदेशमा मीनकृष्ण महर्जनलाई समेत मन्त्री बनाइएको छ । यी चारै जना विभिन्न अपराधिक कार्यमा संलग्न भएका व्यक्ति हुन् । दीपक मनाङ्ग त यस अघि पनि तीन पटक मन्त्री बनिसकेका व्यक्ति हुन् ।

यसरी अपराधिक कार्यमा सरिक भएका व्यक्तिहरूलाई कानुनी दायरामा ल्याउनुको बदला राजनीतिक आडमा उन्मुक्ति दिइनुले विधिको शासन र सुशासनको धज्जी मात्र उडेको छैन सरकारमाथि नै प्रश्न समेत उठेको छ ।

कांग्रेस-एमालेबीचको ७ बुँदे सहमतिको मसी सुक्न नपाउँदै आफैँले गरेको सहमतिको विरूद्धमा कांग्रेस गएको हुनाले जनतामा त्रास बढेको छ । राजनीतिक आडमा अपराधिक कार्यमा संलग्न भएका व्यक्तिहरूलाई मन्त्री बनाउँदै अघि बढ्ने हो, राजनीतिक दलहरू नै एकदिन अपराधिक अखडा बन्न सक्ने सम्भावना बढेर गएको छ ।

प्रधानमन्त्री ओलीले मुलुकमा विधिको शासन कायम गर्ने र सुशासनलाई बढवा दिने प्रतिवद्धता जनाउँदै आएका भएपनि अपराधिक कार्यमा संलग्न भएका व्यक्तिहरूलाई नै मन्त्री बनाइएको हुनाले प्रधानमन्त्री ओलीको विधिको शासन र सुशासन भने नारा देखावटी मात्र हुन सक्ने सम्भावना रहेको छ । प्रधानमन्त्री ओलीले साँच्चिकै विधिको शासन र सुशासन चाहेका हुन् भने नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासँग कुरा गरेर अपराधिक कार्यमा संलग्न भएका व्यक्तिहरूलाई तत्काल मन्त्रीबाट हटाउनु पर्दछ ।

विभिन्न अपराधिक कार्यमा संलग्न भएका व्यक्तिहरू मन्त्री बन्दा त्यस्ता अपराधिक कार्यमा संलग्न भएका व्यक्तिहरूबाट जनता शासित किन हुनुपर्ने अहिलेको जटिल र गम्भीर प्रश्न भनेको यहि हो । प्रहरी प्रधान कार्यायले गठन गरेको एसएसपी आचार्यको टोलीले कांग्रेका नेता तथा सांसद बादशाह कुर्मी सहितका व्यक्तिकै मिलेमतोमा निर्मला कुर्मीलाई जबरजस्ती नियन्त्रणमा लिई शारीरिक, मानसिक र मनोवैज्ञानिक त्रासमा पारेर उनको सम्पत्ति हडपेको ठहर गर्दै ५ कसुरमा मुद्दा चलाउनुपर्ने निष्कर्ष निकालेको भएपनि सो प्रतिवेदन अहिलेसम्म गोप्य राखिएको छ भने सत्ता र शक्तिको दवाव र प्रभावका कारण बादशाह लगायतका विरूद्ध अनुसन्धान सम्म अघि बढाइएको छैन उल्टो तिनै बादशाहलाई कांग्रेसको तर्फबाट मन्त्री बनाइएको छ ।

प्रहरीको अनुसन्धानमा रहेकै बेला बादशाहलाई कांग्रेसले बाँके (३) (२) बाट प्रदेश सांसदको उम्मेदवार बनाएको र उनले जित हाँसिल गरेका थिए । उनी श्रावण ९ गते लुम्बिनी प्रदेशका मन्त्रीमा नियुक्त भएका हुन् । उनी मन्त्री बनेपछि कांग्रेसमा समेत असन्तुष्टि बढेको छ भने लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले विवादकै कारण मन्त्रीहरूको कार्य विभाजन समेत गर्न सकेका छैनन् । विवादित र अपराधिक पृष्ठभूमिका व्यक्ति सांसद र मन्त्री भएर उनीहरूबाटै आम नागरिक शासित हुनुपर्ने अवस्था ल्याउने दलहरू नै हुन् । यस्तो अवस्थाको जिम्मेवारी राजनीतिक दलहरूले नै लिनुपर्दछ । अपराधिक कार्यमा संलग्न भएका व्यक्तिहरूलाई उम्मेदवार बनाउने कार्य तत्काल रोकिनु पर्दछ ।

एसएसपी आचार्य नेतृत्वको टोलीले दिएको प्रतिवेदन कार्यान्वयनका लागि बाँके प्रहरीमा पठाइएको गृहमन्त्रालयको दाबी रहेको भएपनि सत्ताको आडमा त्यो प्रतिवेदन कार्यान्वयन हुन सकेको थिएन । कानुनी दायरामा ल्याइनुपर्ने व्यक्तिलाई मन्त्री बनाइएको हुनाले अब सो प्रतिवेदन कार्यान्वयन हुनेमा आशंका उब्जिएको छ । निर्मला कुर्मीको शंकास्पद निधन र उनको सम्पत्ति हिनामिना सम्बन्धमा बादशाह कुर्सी सहितका व्यक्तिहरू संलग्न भएको प्रष्ट भएपनि उनीहरूमाथि मुद्दा चलाउन राजनीतिक तहबाटै असहयोग भएको प्रहरीको भनाई रहेकाले अब ओली सरकारले तत्काल बादशाह लगायतका व्यक्तिहरूमाथि मुद्दा चलाउन पहलकदमी लिएर विधिको शासन र सुशासन कायम गर्नु आवश्यक रहेको छ ।

# राजस्व संकलनको लक्ष्य पूरा गर्ने गरी काम गर्न **अर्थमन्त्रीको निर्देशन**

काठमाडौं । उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले चालू आर्थिक वर्षको राजस्व संकलनको लक्ष्य पूरा गर्ने गरी काम गर्न कर्मचारीहरूलाई निर्देशन दिएका छन् ।

आर्थिक वर्ष ०८०/८१ को वार्षिक राजस्व समीक्षा गर्न अर्थ मन्त्रालयमा आयोजित कार्यक्रममा अर्थमन्त्री पौडेलले संसद्ले अनुमोदन गरेको राजस्व संकलनको लक्ष्य पूरा गर्नुको विकल्प नरहेको उल्लेख गर्दै लक्ष्य प्राप्तिका लागि सबै सामर्थ्य लगाएर काम गर्न निर्देशन दिएका हुन् ।

'राजस्व परिचालनका हिसाबले संक्रमण अवस्थामा छौँ । चलनचल्तीका हिसाबले अघि बढ्दा लक्ष्य प्राप्त गर्न सकिँदैन,' अर्थमन्त्री पौडेलले भने, 'चलनचल्तीको अभ्यासबाट माथि उठौँ । कमी-कमजोरीको स्वमूल्यांकन गरौँ । चुहावटलाई नियन्त्रण गरौँ । राजस्व परिचालनमा कमजोरी हुन नदिऔँ ।'

आर्थिक वर्ष ०८१/८२ मा १४ खर्ब १९ अर्ब रूपैयाँ राजस्व संकलन गर्ने लक्ष्य लिइएको छ । उद्योगी-व्यवसायी र करदातालाई मैत्रीपूर्ण व्यवहार गर्न आग्रह गर्दै अर्थमन्त्रीले आफ्नो कमजोरीसँग डराउने, तर करप्रशासनसँग नडराउने गरी सबै करदातालाई बुझाउन जरूरी रहेको धारणा व्यक्त गरे । उनले कर तिर्न उत्प्रेरित हुने वातावरण तयार पारेर अघि बढ्न पनि कर्मचारीहरूलाई निर्देशन दिए ।

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्राडा शिवराज अधिकारीले राजस्व संकलन कसरी गर्ने भनेर स्पष्ट योजना बनाएर अघि बढ्न सुझाव दिए । नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले संरचना र स्रोतहरू बदलिएकाले राजस्व परिचालनलाई प्रभावकारी बनाउन नीतिगत परिवर्तनको आवश्यकता औँल्याए ।

अर्थसचिव मधुकुमार मरासिनीले अर्थतन्त्रका गतिविधि सेवातिर अघि बढेकाले राजस्व संकलनमा त्यस क्षेत्रमा पनि ध्यान दिनुपर्ने धारणा व्यक्त गरे । राजस्वसचिव डा. रामप्रसाद घिमिरेले करदातालाई मैत्रीपूर्ण व्यवहार गर्दै आवश्यक सहजीकरण गरेर अघि बढ्नुपर्ने बताए ।

आर्थिक वर्ष ०८०/८१ मा १४ खर्ब २२ अर्ब ५४ करोड रूपैयाँ राजस्व संकलन गर्ने लक्ष्य राखिएकोमा १० खर्ब ८२ अर्ब ५४ करोड रूपैयाँ संकलन भएको थियो ।

समीक्षामा राजस्व संकलनमा कमी हुनुमा आयातमा राजस्वको बढी निर्भरता भएकाले आयात घट्दा सोझो असर राजस्व परिचालनमा परेको, औद्योगिक, निर्माण र व्यापारमा देखिएको संकुचन राजस्वमा परेको, समग्र मागमा कमी आएको, केही नीतिगत परिवर्तनको प्रभाव परेको सरकारले उच्च लगानी गरेका क्षेत्रबाट राजस्व परिचालन हुन नसकेकोलगायतका कारण प्रस्तुत गरिएको थियो ।

## लोकतन्त्रमा...

सरकारमा मन्त्री बनाएपछि त्यसको चौतर्फी आलोचना भएको छ । प्रायः सबै प्रदेशहरूमा डेढ वर्ष भित्रमा पटक पटक सरकारको नेतृत्व परिवर्तन भएकाले गर्दा जनताले आफूलाई आवश्यक पर्ने सेवा सुविधा समेत पाउन सकोक छैनन् भने विभिन्न अपरोधमा संलग्न भएका व्यक्तिहरूलाई मन्त्री बनाएको हुनाले जनतामा सरकारप्रति असन्तुष्टि बढ्दै गएको छ ।

अपराधी पृष्ठभूमि भएकाहरूमध्येका बादशाह कुर्मी, दीपक मनाङ्गे, सरोज थापा भनिने (रोज राणा) र मीन कृष्ण महर्जनलाई कांग्रेसले मन्त्री बनाएको छ । मनाङे गण्डकी प्रदेशमा मन्त्री बनेका छन् । उनी पटक पटक मन्त्री बन्दै आएका छन् । रोज राणा, बादशाह कर्मी लुम्बिनी प्रदेशमा कांग्रेसको तर्फबाट मन्त्री बनेका हुन् भने मीनकृष्ण महर्जन बागमति प्रदेशमा कांग्रेसकै तर्फबाट मन्त्री बनेका छन् ।

कांग्रेस र एमालेबीचमा भएको सहमति अनुसार एमाले अध्यक्ष केपी ओली प्रधानमन्त्री बनेका छन् । एमालेबाट भने विवादमा परेका व्यक्तिलाई मन्त्री बनाइएको छैन तर कांग्रेसबाट विवादित व्यक्तिलाई मन्त्री बनाइएको हुनाले त्यसको अपजसको भारी एमालेले समेत बोक्नु परेको छ । हिजो पञ्चायतीकालमा कुनै अपराधी क्रियाकलापमा संलग्न भएका व्यक्तिहरूलाई मन्त्री बनाइने गरेको थिएन ।

मन्त्रीहरूमाथि भ्रष्टाचारको आरोप लाग्ने वित्तिकै उनीहरूमाथि कारबाही हुने गरेको थियो । मन्त्री पदमा रहँदा मलकाण्डको आरोप लागेपछि तत्कालिन कृषिमन्त्री पद्मसुन्दर लावतीले राजिनामा दिएका थिए । उनीमाथि मुद्दा चलाइएको थियो । पछि उनले सर्बोच्च अदालतबाट सफाई पाएका थिए ।

मन्त्री पदमै रहँदा तत्कालिन बनमन्त्री हेमबहादुर मल्लले राजिनामा दिएका थिए । उनीमाथि पनि मुद्दा चलाइएको थियो । उनले समेत सर्बोच्चबाट सफाई पाएका भएपनि त्यसपछि लावती र मल्ललाई कहिल्यै मन्त्री बनाइएन । तर अहिले अपराधमा संलग्न भएका व्यक्तिहरूलाई पटक पटक मन्त्री बनाइने गरेको छ । अहिले लोकतन्त्रमा हिजोको पञ्चायती व्यवस्था भन्दा ठीक उल्टो बाटोमा दलहरू हिडेका हुनाले अब त्यसलाई सुधार गरी योग्य र सक्षम व्यक्तिलाई मात्र मन्त्री बनाउनुपर्ने टड्कारो आवश्यकता देखिएको छ ।

## मन्त्री बनाउँदा...

लामो समयसम्म राजनीतिमा संलग्न भएका व्यक्तिहरू पार्टी नेतृत्वसँग रूष्ट भएका छन् । कांग्रेस-एमालेको गठबन्धनले सातै प्रदेशमा सरकार निर्माण गर्ने क्रम जारी रहेको छ । सुदूरपश्चिम प्रदेश बाहेक अन्य ५ प्रदेशमा कांग्रेस-एमालेको संयुक्त सरकार निर्माण भैसकेको छ भने मधेश प्रदेशमा जनमत पार्टीका नेतृत्वको सरकार रहेको छ ।

कांग्रेसले गण्डकी प्रदेशमा र लुम्बिनी प्रदेशमा सरकार निर्माण गर्दा अपराधिक गतिविधिमा संलग्न भएका व्यक्तिहरूलाई मन्त्री बनाएको छ । लुम्बिनी प्रदेशमा नेकपा एमालेको नेतृत्वमा सरकार निर्माण भएपनि दुई विवादास्पद व्यक्तिहरू बादशाह कुर्मी र रोज राणा भनिने सरोज थापालाई मन्त्री बनाएको छ । त्यसैगरी बागमति प्रदेशमा मीन कृष्ण महर्जनलाई मन्त्री बनाएको छ । उनीहरू विभिन्न अपराधिक कार्यमा संलग्न रहेका व्यक्तिहरू हुन् ।

अपराधिक पृष्ठभूमिका व्यक्तिहरू पदमा आउँदा सुशासन र न्यायप्रणालीमै असर पुग्न सक्छ । यस्ता व्यक्तिलाई संरक्षण गर्ने र सार्वजनिक पदमा ल्याउने माथि अब त्यस पार्टीका नेता तथा कार्यकर्ता र जनताले नै आवाज उठाउनुपर्दछ । यस्ता अपराधिक कार्यमा संलग्न भएका व्यक्तिहरूलाई मन्त्री बनाएको हुनाले कांग्रेस-एमाले गठबन्धनले केही गर्ला भन्ने आशा जनतामा जागेको भएपनि अहिले त्यो आशा मरिसकेको छ । विभिन्न प्रदेशमा कांग्रेसले मन्त्री बनाउँदा अपराधिक क्रियाकलापमा संलग्न भएका व्यक्तिहरूलाई मन्त्री बनाएको हुनाले जनताले गरेको आशा छोटो समयमै खण्डित हुन पुगेको छ । कांग्रेसको तुलनामा एमालेले अपराधिक कार्यमा संलग्न भएका व्यक्तिहरूलाई यस पटक भने मन्त्री बनाएको देखिएको छैन ।

## लोकतान्त्रिक...

हुनाले यो ओली सरकारबाट जनताले ठुलो आशा र भरोसा गरेका छन् । ओली सरकारका अहिलेसम्ममा काम कारबाही हेर्दा सन्तोष जनकै रहेको देखिएको छ । तर त्यतिमै खुसी हुनुपर्ने कारण छैन । सरकारले जनतालाई दिनुपर्ने सेवा सुविधामा ध्यान पुऱ्याउनुपर्ने आवश्यकता देखिएको छ । कांग्रेस-एमालेबीचमा भएको ७ बुँदे सहमतिमा संविधान संशोधनको विषयले समेत प्रवेश पाएको छ । संविधान संशोधन गरी स्थिर सरकार निर्माण गर्ने कार्यलाई अघि बढाउन आवश्यक छ । सबै पक्षसँग व्यापक छलफल र बहस गरी राष्ट्रिय सहमतिको आधारमा संविधान संशोधन गरिनु उपर्युक्त हुनेछ ।

संविधान संशोधनका लागि आवश्यक परे जनमत संग्रहमा जान समेत सरकार र राजनीतिक दलहरू तयार हुनैपर्दछ । संविधानकै कारण संघीय संसद र प्रदेशसभाहरूमा कुनै एक दलले बहुमत ल्याउन सक्ने अवस्था नभएकाले गर्दा मुलुकमा स्थिर सरकार बनाउन सक्ने वातावरण नभएकाले गर्दा त्यसतर्फ सरकार र दलहरूको ध्यान जानु आवश्यक छ ।

राजनीति भनेको जनताको सेवा सुविधाको लागि भएकाले गर्दा अब संविधान संशोधन गरि अपराधपूर्ण कार्यमा सरिक भएका व्यक्तिहरू निर्वाचनमा भाग लिन नपाउने व्यवस्था गरिएको खण्डमा मात्र मुलुकमा कानुनी शासनको व्यवस्था रहने र सुशासन समेत कायम राख्न सक्छ । अहिले प्रदेश सरकारहरूमा विभिन्न अपराधमा संलग्न भएका व्यक्तिहरूलाई मन्त्री बनाइएको हुनाले लोकतान्त्रिक व्यवस्थाकै खिल्ली उडाइएको छ । अब त्यस्ता अपराधी कार्यमा संलग्न भएकाहरूलाई रोक्नैपर्दछ तबमात्र कानुनी शासन र सुशासन कायम हुन सक्छ भन्ने हेक्का दलहरूलाई होस् ।

## आपराधिक...

वा धम्की, मानव बेचविखन र हातहतियार, खरखजाना जस्ता गम्भीर अपराधमा संलग्न भएका र मुद्दा समेत खोपिसकेका व्यक्तिहरूलाई मन्त्री बनाउँदा कार्यकर्ताहरूमा मात्र होइन जनतामा समेत निराशा छाएको छ ।

दीपक मनाङ्गे गण्डकी प्रदेशमा पटक पटक मन्त्री बनेका छन् । मनाङबाट स्वतन्त्र उम्मेदवार बनेर निर्वाचन जितेका उनी मन्त्री बन्नकै लागि विभिन्न पार्टीमा प्रवेश गर्ने र मन्त्री बन्न नसकेपछि फेरी स्वतन्त्र नै रहेको बताउँदे आएका छन् । राजनीतिक पृष्ठभूमिका नेताहरूलाई पछि पारेर अपराधिक पृष्ठभूमिका व्यक्तिहरूलाई नै मन्त्री बनाइएपछि राजनीति शास्त्री नै अलमलमा परेका छन् । त्यसैले अब भन्न सकिन्छ गुण्डाहरू सुधिएका हुन् कि राजनीतिक व्यवस्था नै विग्रिएको हो भनेर । दीपक मनाङ्ग गण्डकी प्रदेशको पहिलो र दोस्रो कार्यकालमा तीन पटक मन्त्री बनिसकेका छन् ।

दिपक मनाङ्गे अपराधिक कार्यमा संलग्न भएको भन्दै पटक/पटक पक्राउ पर्दै छुट्दै आएका व्यक्ति हुन् । उनी राजनीतिमा आएपछि ढुक्क भएका छन् । अहिलेपनि ज्यान मार्ने उद्योगमा उनका विरूद्ध सर्बोच्च अदालतमा मुद्दा विचाराधिन रहेको छ । पटक पटक पार्टी फेर्दै आएका उनी अहिले आफूलाई स्वतन्त्र सांसद भन्न रूचाउँछन् ।

लुम्बिनी प्रदेशमा मन्त्री बनेका बादशाह नेपाली कांग्रेसका सांसद हुन् भने बागमति प्रदेशमा मन्त्री बनेका मीनकृष्ण महर्जन पनि कांग्रेसकै हुन् भने सरोज थापा (रोज राणा) समेत कांग्रेसकै सांसद हुन् । राजनीतिक पृष्ठभूमिको व्यक्तिहरूलाई पन्छाएर किन कांग्रेसले अपराधिक पृष्टभूमिमा रहेका व्यक्तिहरूलाई मन्त्री बनायो भन्ने प्रश्न जनताले उठाएका छन् ।

## संवैधानिक...

उनलाई प्रधानले पटक पटक गरेर १ करोड २५ लाख रूपैँया समेत दिएको प्रमाण संसदीय सुनुवाई समितिमै पेश गरेकी हुनाले संसदीय सुनुवाई समितिमा सदस्य रहेका सांसदहरूले प्रधानलाई अनुमोदन गर्न सक्ने अवस्था नै थिएन । तर प्रधान भने आफुँमाथि लागेको आरोप पहिला नै अदालतमा मिलापत्र भैसकेको हुनाले आफू निर्वाचन आयोगको आयुक्तका लागि योग्य रहेको दाबी गर्दै आएका थिए ।

राष्ट्रिय मानवअधिकार आयोगले समेत विवादास्पद व्यक्तिलाई नियुक्त नगर्न संसद सचिवालयलाई पत्र नै पठाएपछि संसदीय सुनुवाई समिति रणभुल्लमा परेको थियो । संसदीय सुनुवाई समितिलाई ठुला दलका शिर्ष नेताहरूले कर्मकाण्डीको रूमपा प्रयोग गर्दे आएका थिए तर प्रधानको बारेमा व्यापक चासो र बहसको विषय बनेपछि शिर्ष नेताहरूले नै समितिबाट अनुमोदन हुन नसक्ने निर्णय गरेका हुनाले प्रधान संसदीय सुनुवाई समितिबाट आफ्नो नाम फिर्ता लिन बाध्य भएका थिए । आफ्नो नाम फिर्ता लिन निवेदन दिएपश्चात् संसदीय सुनुवाई समितिले प्रधानको नाम अस्वीकृत गरेको जनाएको छ । यसरी सम्वैधानिक परिषद्ले नै गलत व्यक्तिलाई सिफारिस गर्ने गरेको हुनाले सम्वैधानिक परिषद्कै बारेमा प्रश्न उठेको छ ।

## गलत...

नै मन्त्री बनाएको हुनाले कांग्रेस एमालेमाथि नै प्रश्न उठेको छ ।

पार्टी शिर्ष नेतृत्वले गलत निर्णय गरेको खण्डमा त्यसको विरोध पार्टीका नेता तथा कार्यकर्ताहरूबाटै हुनुपर्दछ । पार्टीका नेता तथा कार्यकर्ताहरू शिर्षनेताका दास होइनन् भने सिद्धान्तलाई नेता तथा कार्यकर्ताहरूले अवलम्बन गर्न सकेको खण्डमा नेतृत्व स्वत सचिनु बाध्य हुन्छ । त्यसले त्यसबेला गलत निर्णय गर्न सक्ने सम्भावना समेत न्यून हुन जान्छ । शिर्ष नेताले गरेको गलत निर्णयलाई नेता तथा कार्यकर्ताले स्वीकार गरेर अघि बढेको खण्डमा नेतृत्व पंक्तिले कहिल्यै पनि सच्चिने मौका नै पाउँदैनन् ।

नेपाली कांग्रेसका नेता स्व. विपी कोइरालाले एक पटक भनेका थिए पार्टी नेतृत्वले गलत निर्णय गरेको खण्डमा असली कार्यकर्ताहरूले त्यसको विरोध गर्न सक्नुपर्दछ यदि उनीहरूले विरोध गर्दैनन् भने उनीहरू कि त अवसरवादी हुनु कित दास हुन् भनेका थिए । अहिले प्रायः सबै पार्टीमा कोइरालाले भनेजस्तै अवसरवादी र दास प्रवृत्तिमात्र देखिएको छ । नेपाली कांग्रेसका सभापतिले अपराधी कार्यमा संलग्न भएकाहरूलाई प्रदेशसभाको मन्त्री बनाउने निर्णय गर्दा कांग्रेसका नेता र कार्यकर्ताहरूबाट विरोध हुन नसक्नु भनेको उनीहरू कित अवसरवादी कि त दासमात्र हुन् भन्ने प्रमाणित भएन र ?

सूर्तीजन्य पदार्थको सेवनबाट विभिन्न किसिमका क्यान्सर (फोक्सो, मुख, घाँटी, रगत, पेट लगायतका शरीरका अंगहरू), मुटुसम्बन्धी रोगहरू, हृदयघात, मस्तिष्कघात, दम, खोकी, क्षयरोग, निमोनिया र श्वासप्रश्वास सम्बन्धी दीर्घकालिन रोग लाग्न सक्छ ।

**त्यसैले सुर्तीजन्य पदार्थको सेवन नगरौं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल • कार्यालय : बुद्धनगर, काठमाडौं • फोन : ४७९०२९५, मो. : ९८४१२५४८८५ • इमेल : devendrachudal@gmail.com • मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार